"आत्मा साक्षी राखी मन वचन र कर्मले सेवा गरौं"

# वार्षिक प्रतिवेदन

२०८०/०८१

समाज कल्याण परिषद्
Social Welfare Council

"आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौँ"

## समाज कल्याण परिषद्को

# वार्षिक प्रगति प्रतिवेदन

# २०८०/०८१


**प्रकाशक :**

## समाज कल्याण परिषद्

केन्द्रीय कार्यालय, हरिहरभवन, पुल्चोक, ललितपुर

पोष्ट बक्स : २९४८, काठमाडौं

टेलिफोन नं. : ०१–५४५५४९५, ०१–५४५५४४८, ०१–५४५५४९४

इमेल : info@swc.org.np, Website : www.swc.org.np

प्रकाशन मिति : २०८१ असोज ६

मुद्रण : रोल्वालिङ अफसेट प्रेस, बानेश्वर, काठमाडौँ
फोन नं.: ९८५११०२२२९



**सर्वाधिकार :**

समाज कल्याण परिषद्मा सुरक्षित

प्रमुख संरक्षक

**माननीय नवलकिशोर साह सुडी**

मन्त्री– महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

अध्यक्ष – समाज कल्याण परिषद्

संरक्षक

**श्री नन्दलाल माझी**

उपाध्यक्ष

**श्री विनय लामा**

कोषाध्यक्ष

**श्री मनोज भट्ट**

सदस्य–सचिव

**श्री दिपेन्द्र पन्त**

का.मु. निर्देशक, अनुगमन तथा मूल्यांकन विभाग

**श्री प्रकाश पंज्ञानी**

सहायक निर्देशक, अनुगमन शाखा

**श्री दीपक आचार्य**

सहायक निर्देशक, मूल्यांकन शाखा

**श्री देविका घर्ती मगर**

सहायक निर्देशक, सूचना तथा तथ्यांक शाखा

# विषय सूची


**शुभकामना**

**सम्पादकीय** १

**परिच्छेद एक :** समाज कल्याण परिषद्बारे ३

**परिच्छेद दुई :** आ.व. २०८०/०८२ मा परिषद्द्वारा सम्पादन गरिएका मुख्य उपलब्धिहरू ७

**परिच्छेद तीन :** समस्या, चुनौती र समाधान तथा भावी रणनीति १७

**परिच्छेद चार :** लेख/रचनाहरू १९

- Collaboration for transforming Eye Health in Nepal १९
- बाल संरक्षण र हेरचाहमा प्रणालीगत परिवर्तन आवश्यक २६
- Climate Change and Its Cascading Impacts in Nepal ३५
- Efforts on Improving Education by INGOs ३८
- Unifying Health Data for Nepal's INGOs ४१
- उन्मुलन तर्फ छाउपडी प्रथा ४३
- Embracing Clean Energy Initiatives for a Sustainable Future ५०
- Protecting the Children Fundamental Right : A Key for Societal Growth ५७
- International Non-Governmental Organizations for the Development of Nepal ६१

**परिच्छेद पाँच :** परिषद्का गतिविधिबारे केही समाचारहरू ६४

**अनुसूचीहरू :** ७२

समाज कल्याण परिषद्का पदाधिकारी एवं सदस्यहरूको नामावली ७२

समाज कल्याण परिषद्मा कार्यरत स्थायी कर्मचारीहरूको विवरण ७३

समाज कल्याण परिषद्मा अस्थायी, करार र मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूको विवरण ७५

**सूचनाहरू** ७८

**परिषद्को संगठनात्मक संरचना** ८०

**केही तस्बिरहरू** ८१

प्रधानमन्त्री



काठमाडौं, नेपाल ।

## शुभकामना

समाज कल्याण परिषद्को ४५ औं स्थापना दिवस तथा सामाजिक सेवा दिवसका अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु । सामाजिक जीवनका हरेक क्षेत्रमा समाजसेवामा समर्पित सम्पूर्ण समाजसेवी, सामाजिक सङ्घ/संस्था एवं सामाजिक कार्यकर्ताहरुमा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

सामाजिक सेवा हाम्रो संस्कृति हो । हाम्रो परम्परा हो । हाम्रो ऐतिहासिक गौरव पनि हो । सामाजिक सेवाको पुण्यकारी, परोपकारी, मानवीय भावनाको, एकअर्काका स्नेह, सहयोगी भावना समाजको एउटा अभिन्न अंगको रुपमा हुन्छ । हाम्रो परम्पराको रुपमा सक्नेले नसक्नेलाई, सक्तले अशक्तलाई र सक्षमले असक्षमलाई साथ दिने, सहयोग गर्ने प्रचलन रह्‍यो । त्यो सामाजिक अभ्यासकै रुपमा विकास भयो । अपेक्षित वा जो आवश्यकतामा छन् उनीहरुलाई सहयोग पुऱ्याउँनु समाज सेवा हो । सामाजिक सेवा भनेको त्याग हो, समर्पण हो र परोपकार हो । तर, पछिल्लो समयमा समाजसेवाका नाममा अनेक विकृति पनि देखिएका छन् । त्यसलाई हामीले साँचो अर्थमा समाजसेवाको रुपमा विकास गर्नु जरुरी छ। यसतर्फ समाज कल्याण परिषद्ले आफूलाई थप क्रियाशील बनाउनु पर्दछ । सरकारले सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई प्रभावकारी बनाउँदै गएको छ र यसलाई अझ सुदृढ पार्दै अगाडि बढाउने योजना छ। समाजमा रहेको गरिबी, पछौटेपन र अशिक्षालाई न्यूनीकरण गर्न सरकार तीव्र गतिमा काम गरिरहेको छ। संविधानमा व्यवस्था भएका मौलिक हकको कार्यान्वयन थप प्रभावकारी बनाउन सरकार सबै संघसंस्था तथा समाजसेवामा समर्पित सबैको सहयोगको अपेक्षा पनि गर्दछ ।

अन्त्यमा, **सुशासन र समृद्ध नेपाल राष्ट्रिय सोचाइ, दिगो सामाजिक विकास संघसंस्थाको रोजाई** भन्ने मूल नाराका साथ मनाउन लागिएको समाज कल्याण परिषद्को ४५औं स्थापना दिवस तथा सामाजिक सेवा दिवसका अवसरमा पुन: हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

६ असोज, २०८१

केपी शर्मा ओली

नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :
च.नं. :



**माननीय नवल किशोर साह सुडी**
**मन्त्री**

## शुभकामना

**'सुशासन र समृद्ध नेपाल राष्ट्रिय सोचाइ, दिगो सामाजिक विकास संघसंस्थाको रोजाइ'** भन्ने मूल नाराका साथ समाज कल्याण परिषद्को ४५ औं स्थापना दिवस तथा सामाजिक सेवा दिवस मनाउन गइरहेका छौं । सर्वप्रथम परिषद्को स्थापना दिवस तथा सामाजिक सेवा दिवसको सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था एवं समाजसेवीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालमा समाज सेवा र सामाजिक संघ संस्थाहरूको विकासका लागि समाज कल्याण परिषदको भूमिका महत्वपुर्ण रहेको छ । गैरसरकारी क्षेत्रबाट सञ्चालित सामाजिक कार्यलाई संगठित रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले वि.सं. २०३४ साल आश्विन ६ गते समाज कल्याण परिषदको स्थापना भएको हो । परिषदको स्थापना भएसँगै सँगठित रूपमा सामाजिक संघसंस्थाहरूको स्थापना र परिषद्मा आवद्ध हुने क्रम शुरु भएको थियो ।

स्थापनाको शुरुआती अवस्थामा परिषद्का आवद्ध भएका संघसंस्थाहरूले मानवीय उद्धार, कल्याण, स्वयंसेवक कार्य तथा सामुदायिक विकासका क्षेत्रमा योगदान दिँदै आएका थिए । तर समयक्रम सँगै यसको दायरा फराकिलो बन्दै गयो । अहिले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूले शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, सिंचाई, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, सुरक्षा, आर्थिक रूपमा विपन्न वर्ग, समुदायको जिविकोपार्जन, आयआर्जन, विपदको समयमा राहत व्यवस्थापन, पुर्नस्थापना, वातावरण संरक्षण, जलवायु परिवर्तन, मानवअधिकार, सामुदायिक विकास, सचेतना लगायत थुप्रै विषयमा काम गर्दै सरकारलाई विकासमा सहयोग पुऱ्याउदै आएका छन् ।

संघसंस्था एवं समाजसेवीहरूलाई जिम्मेवार, जबाफदेही र पारदर्शी बनाउनेतर्फ परिषद्ले निरन्तर प्रयास गर्दै आइरहेको छ । समाजसेवा जस्तो पवित्र एवं गरिमामय कार्य गर्दा सेवाको भावराखी ग्रामीण क्षेत्रका सीमान्तकृत वर्ग एवं समुदायलाई लक्षित गरी कार्यक्रम तय हुनुपर्दछ । नेपालको विकास कार्यमा सामाजिक संघ-संस्थाहरूद्वारा गरेको योगदानलाई अझ बढी प्रभावकारी, सुव्यवस्थित र दिगो विकास लक्ष्य अनुरुप बनाउनु जरुरी छ । आगामी दिनमा परिषद्ले पनि कार्यक्रम स्वीकृति, सहजीकरण, समन्वय, अनुगमन मूल्यांकन, सूचना तथा अभिलेख जस्ता विषयमा अझै व्यवस्थित र प्रभावकारी बनाउदै लैजाने छ ।

परिषद्द्वारा प्रदान गरिने सेवालाई अझ प्रभावकारी र छिटोछरितो बनाउन निम्ती परिषद्लाई डिजिटलाइजेशनमा लैजाने र प्रदेश तहमा कार्यालय स्थापना गर्ने तयारी भइरहेको छ । यसले टाढा–टाढाबाट काठमाडौं धाउनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्नेछ । साथै प्रदेश तहमा स्थापना गरिने कार्यालयहरूले परिषद्को सेवालाई अझ विस्तार गर्नेछ भन्ने विश्वास लिएको छु ।

परिषद्को स्थापना दिवस तथा 'सामाजिक सेवा दिवस'को आजको दिनलाई सामाजिक संघ संस्था एवं समाजसेवीहरूले आफूले सञ्चालित क्रियाकलापहरूको समीक्षा गर्ने, स्वमूल्यांकन गर्ने दिनको रूपमा उपयोग गर्नु उपर्युक्त हुनेछ । यस सन्दर्भमा सम्बन्धित सबैको ध्यान पुग्ने छ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, परिषद्को ४५ औं स्थापना दिवस तथा सामाजिक सेवा दिवसको सन्दर्भमा संघ संस्था एवं समाजसेवीहरूको प्रतिष्ठा र मर्यादा बढाउने र समाज कल्याण, सेवा र विकासका कार्यलाई अझै प्रभावकारी, व्यापक र आकर्षक बनाई देश विकासमा योगदान पुग्न सकोस भन्ने कामना गर्दछु । धन्यवाद ।

नवलकिशोर साह सुडी
मन्त्री
महिला, बालबालिका तथा
ज्येष्ठ नागरिक मन्त्रालय
अध्यक्ष, समाज कल्याण परिषद्
मिति : २०८१।०६।०६

फोन नं. : ४२००२८०, इमेल : nawalkishoresah@gmail.com, minister@mowcsc.gov.np, वेवसाइट : www.mowcsc.gov.np

# समाज कल्याण परिषद्

पत्र संख्या
च. नं.

केन्द्रीय कार्यालय
हरिहर भवन, पुल्चोक
ललितपुर, नेपाल




शुभकामना

मुलुकको विकासमा सहयोग पुऱ्याउन गैरसरकारी संस्थाहरूको नियमनकारी भूमिका निर्वाह गर्ने समाज कल्याण परिषद्ले वि.सं. २०८१ साल असोज ६ गते ४५ औं स्थापना दिवस तथा सामाजिक सेवा दिवस मनाउन गइरहेको छ । यस परिषद्मा करिब ५६,००० (छपन्न हजार) राष्ट्रिय गैरसरकारी संस्था (एनजिओ) र करिब ३०३ (एक सय तीन) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू (आइएनजिओ) आबद्ध भइ मुलुकभरको कुना काप्चामा पुऱ्याएको सेवा र सहयोगले देश विकासमा ठूलो टेवा पुगेको छ ।

समाज कल्याण ऐन, २०४९ लाई गैरसरकारी संस्थाहरूलाई सहज ढंगले काम गर्नको लागि संशोधन तथा पुर्नलेखन गर्न पहल गर्ने काम परिषद्ले गर्नेछ । जसले गर्दा संस्थाहरूलाई छिटो छरितो काम गर्न टेवा पुग्नेछ । यस परिषद्सँग सम्बन्धित संघसंस्था, कार्यालयहरू तथा परिषद्का पदाधिकारीहरू एवं कर्मचारीहरूप्रति ‘आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौं’ भन्ने भावनाको विकास होस् भन्ने कामना सहित **‘सुशासन र समृद्ध नेपाल राष्ट्रिय सोचाइ, दिगो सामाजिक विकास संघसंस्थाको रोजाइ’** भन्ने मूल नाराका साथ ‘४५ औं सामाजिक सेवा दिवस’का अवसरमा परिषद् परिवार, संघसंसथा, सरोकारवाला लगायत सम्पूर्णमा शुभकामना सन्देश व्यक्त गर्न चाहन्छु ।

परिषद्लाई समय सापेक्ष र अहिलेको आवश्यकतालाई मध्यनजर गर्दै ‘डिजिटाइजेशन’मा लैजाने, सेवालाई सुलभ र सहज गराउन प्रदेश तहमा परिषद् लैजाने तयारीमा हामी रहेका छौं । यसले परिषद्लाई प्रत्यक्ष रूपमा सरोकार राख्ने र सामाजिक क्षेत्रमा क्रियाशिल संघ, संस्था लगायत सबैलाई जोड्न अझ बढी मद्दत गर्नेछ भन्ने विश्वास हामीले लिएका छौं ।

अन्तमा, परिषद्बाट आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरिएका कार्यक्रमहरूको प्रगति र चालु आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरिने नीति, कार्यक्रम, उद्देश्य, कार्यक्षेत्र, लक्षित वर्ग सबैलाई समेटेर कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गरी सुशासन, पारदर्शीता र जवाफदेहीता कायम हुनेछ भन्ने विश्वास छ । साथै स्थापना दिवस एवं सामाजिक सेवा दिवसको सन्दर्भमा परिषद्को गतिविधि समेटेर वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेको खबरले खुसी तुल्याएको छ । प्रतिवेदन प्रकाशन गर्न संलग्न रहनुभएका पदाधिकारीहरू एवं कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी योजनाहरूको कार्यान्वयन क्षेत्रमा समेत सबैको सहयोगको अपेक्ष गर्दै आउदै गरेको बिजया दशमी, शुभ दिपावली तथा छठ पर्वको अवसरमा समेत हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

मिति : २०८१ असोज ६

नन्दलाल माझी
उपाध्यक्ष

# समाज कल्याण परिषद्

पत्र संख्या
च. नं.

केन्द्रीय कार्यालय
हरिहर भवन, पुल्चोक
ललितपुर, नेपाल




## प्रतिबद्धता

**'आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौं'** भन्ने मूल मर्मका साथ स्थापित समाज कल्याण परिषद्, समाज कल्याण ऐन २०४९ बमोजिम गठित राज्यको स्वायत्त निकाय हो । समाजका कमजोर, असहाय र अशक्त व्यक्तिलाई सेवा पुऱ्याउने, पिछडिएको वर्ग/समुदायलाई आर्थिक एवम् सामाजिक रूपमा सक्षम बनाउने तथा समाज सेवासंग सम्बन्धित क्रियाकलापलाई विकास निर्माणका क्षेत्रमा सम्बद्ध गराउने, समाजसेवी तथा सामाजिक संघसस्थाहरूको मर्यादा र प्रतिष्ठा बढाउने, संघसंस्थाहरूको कामकारवाहीमा समन्वय गर्ने, यिनका कामको अनुगमन मुल्यांकन गर्ने, संघसंस्था सम्बन्धी नीति निर्माणमा सरकारलाई सहयोग र सहजीकरण पुऱ्याउने उद्देश्यले परिषद्को स्थापना भई कार्यरत रहेको सर्वविदितै छ ।

समाज कल्याण परिषद्ले नियमित रूपमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग साधारण तथा परियोजना सम्झौता गर्ने, राष्ट्रिय गैरसरकारी संघसंस्थालाई आवद्धता प्रदान गर्ने, वैदेशिक सहयोगमा सन्चालन गरिने कार्यक्रम/परियोजनाको स्वीकृति तथा अनुमोदन गर्ने, संघ सस्थाबाट सञ्चालित परियोजनाको अनुगमन मूल्यांकन गर्ने, अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिलाई सेवा सहमति एवम् प्रवेशाज्ञा सुविधाको निम्ति सिफारिस, भन्सार छुट तथा मूल्य अभिवृद्धिकर छुटको सिफारिस लगायतका कार्यहरू गर्दै आएको छ ।

परिषद्संग आवद्ध हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले मुख्य गरी स्वास्थ्य, शिक्षा, सिप विकास, सशक्तिकरण, सरसफाई, प्रविधि विकास, खानेपानी, जिविकोपार्जन, सचेतना, बाल संरक्षण र अधिकार, वन्यजन्तु संरक्षण विपद् व्यवस्थापन/पुनर्स्थापना, पुनर्निर्माण, वातावरण तथा जलवायु परिवर्तन एवं परिषद्को लक्ष्य उद्देश्यमा जोडिएका प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा योगदान गरेका छन् ।

नेपालको संविधानले निर्दिष्ट गरेको राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरूलाई जिम्मेवार र जवाफदेही बनाउदै उच्च सम्मानका साथ देशको मूल विकासमा सहभागी गराउदै, १६औं आवधिक योजना, दिगो विकास लक्ष्य, मानव विकास सूचकांकमा पछि परेका एवं सीमान्तकृत वर्गको उत्थानका लागि समाज कल्याण परिषद्लाई जिम्मेवार र जवाफदेही बनाउदै लैजाने नीति अनुरूप परिषद् अगाडि बढिरहेको छ ।

आजका दिनमा नेपाल सरकारको विकास अभियानलाई साकार रूप दिन गैरसरकारी संस्थाहरूको योगदानलाई लक्षित समूहसम्म पुऱ्याउने, गैरसरकारी संस्था मार्फत हुने लगानी/भूमिकालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा सुनिश्चित गर्ने, गैरसरकारी संस्थाका काम स्थानीय सरकारसंगको समन्वय र सहकार्यमा गर्ने, यिनका कामलाई निष्पक्ष, पारदर्शी र जवाफदेही बनाइ एकद्वार नीति अनुरूप व्यवस्थित बनाउन परिषद्को तर्फबाट प्रतिबद्धता व्यक्त गर्दछु । यसको लागि नेपाल सरकारबाट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम गैरसरकारी सामाजिक संघसंस्थाको कामलाई व्यवस्थित बनाउन समाज कल्याण परिषद्को पुर्नसंरचनाका साथै केन्द्रीकृत संरचनालाई प्रादेशिक तहमा बिस्तार गर्नेगरी समाज कल्याण ऐन, नियम तथा नीतिको तर्जुमा गरी समय सापेक्ष बनाउदै लैजानु पर्ने आजको आवश्यकता हो ।

अन्त्यमा समाज सेवाको क्षेत्रमा सक्रियता देखाइ सामाजिक विकासका क्षेत्रमा क्रियाशिल रहनु भएका समाजसेवी एवम् सामाजिक संघसंस्थाको मनोबल उच्च राख्ने प्रतिबद्धता व्यक्त गर्दै **"सुशासन र समृद्ध नेपाल राष्ट्रिय सोचाइ, दिगो सामाजिक विकास संघ संस्थाको रोजाइ"** भन्ने नाराका साथ मनाई रहेको ४५औं सामाजिक सेवा दिवसका अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

साथै बडादसैं, दीपावली, नेपाल सम्वत् एवं छठ पर्वको समेत सबैमा शुभकामना व्यक्त गर्दछु ।

(मनोज भट्ट)
सदस्य सचिव

६ असोज, २०८१

सदस्य सचिव

# सम्पादकीय

समाज कल्याण परिषद् स्थापना भएको ४४ वर्ष पुरा भएर ४५ औं वर्षमा प्रवेश गरेको छ। **'आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौं'** भन्ने पवित्र उद्देश्यका साथ स्थापना भएको यस संस्थाले यही असोज ६ गते **'सुशासन र समृद्ध नेपाल राष्ट्रिय सोचाइ, दिगो सामाजिक विकास संघसंस्थाको रोजाइ'** भन्ने मूल नाराका साथ ४५ औं स्थापना दिवस तथा सामाजिक सेवा दिवस मनाउन गइरहेको छ। सेवाभाव जस्तो पवित्र उद्देश्यबाट प्रेरित भएर स्थापना भएको समाज कल्याण परिषद्ले आफ्नो स्थापना कालदेखि नै विभिन्न उद्देश्यले स्थापना भएर मुलुकभर कार्यरत गैरसरकारी संस्थाहरूको योगदानलाई संस्थागत गर्दै आइरहेको छ।

वि.सं. २०३४ साल असोज ६ गते 'सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्'को रूपमा स्थापना भएको गैरसरकारी संघसंस्थाको नियमनकारी संस्था २०४९ सालमा 'समाज कल्याण ऐन २०४९' जारी भएपछि यसको नाम परिवर्तन भएर 'समाज कल्याण परिषद्' भएको हो । परिषद् स्थापना भएपश्चात् गैरसरकारी संस्थाहरूको संख्या द्रुतगतिमा वृद्धि हुन थाले । हाल परिषद्मा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू करिब १३५ वटा र गैर सरकारी संस्थाहरू ५७ हजार वटा आबद्ध भएका छन् ।

गैरसरकारी संघसंस्थाहरूको स्वीकृति, सहजीकरण, समन्वय र ती संस्थाहरूले सञ्चालन गर्ने कार्यक्रमको अनुगमन, मूल्यांकन र सुपरिवेक्षण गर्नका निम्ति 'समाज कल्याण ऐन २०४९' अनुसार स्थापित परिषद् एक स्वायत्त निकाय हो। यसरी स्थापित भएको परिषद् करिब पाँच दशकको संघारमा आइपुगेको छ ।

आफ्नो पाँच दशक लामो गौरवशाली इतिहास बोकेको परिषद्ले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित सामाजिक क्रियाकलापलाई प्रभावकारी रूपले सञ्चालन गर्न विभिन्न तवरले सहजीकरण गर्दै आइरहेको छ । गैरसरकारी संस्थाहरू र यसमा आवद्ध समाजसेवीहरूको सत्कार्यको सम्मानका लागि एवं समाजसेवालाई एक पवित्र सेवाका रूपमा जनमानसमा स्थापित गर्ने उद्देश्यले वि. सं. २०३६ सालदेखि प्रत्येक वर्षको असोज ६ गते सामाजिक सेवा दिवस मनाउन थालिएको हो ।

सूचना र प्रविधिको विकासले सिंगो विश्व एउटा गाउँमा परिणत भइरहेको सन्दर्भमा पूँजवादीसंस्कृति र व्यक्तिवादी प्रवृति हुर्कदै गरेको अवस्था छ। यस्तो अवस्थामा आफ्ना लागि मात्र नभएर अर्काका लागि पनि केही गरौं भन्ने मान्यतालाई अभिप्रेरित गर्ने कार्यका लागि परिषद्ले मनाउँदै आएको 'सामाजिक सेवा दिवस'ले महत्वपूर्ण भूमिका खेल्छ भन्ने हाम्रो मान्यता रहेको छ।

यसवर्ष ४५ औं सामाजिक सेवा दिवस मनाउँदै गर्दा परिषद् आफैंले आफूलाई अझ बढी परिमार्जित र सुदृढ गर्दै लैजानुपर्ने आवश्यकता हामीले महसुस गरेका छौँ । त्यसो त समयको माग सँगै परिषद्ले सेवाग्राहीले कामको शिलशिलामा भोग्नुपरेका केही असजिला अवस्थालाई सहज बनाउनका निम्ती परिषद्लाई 'डिजिटाइजेशन'मा लैजाने तथा मुलुकका विभिन्न कुना, काप्चामा रहेका सबैखाले गैरसरकारी संस्थाहरूलाई सहज रूपमा सेवा प्रदान गर्न सकियोस भन्ने उद्देश्यले प्रदेश तहमा पनि परिषद् विस्तार गर्ने तयारी गरेको छ । यसले पक्कैपनि परिषद् सेवाग्रहीमैत्री बन्दै गइरहेको छ भन्ने कुरालाई पनि पुष्टी गर्नेछ भने, सेवाग्राहीलाई बढी भन्दा बढी सहज रूपमा सेवा प्रदान गर्न सक्नेछ ।

हाल परिषद्मा करिब १३५ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा ५७ हजार राष्ट्रिय गैरसरकारी संस्थाहरू आवद्ध छन् । यो क्रम दिनानुदिन बढ्ने क्रम जारी छ । गैरसरकारी संस्थाहरू सामाजिक सेवाका विभिन्न विषयगत क्षेत्रमार्फत् नेपाल सरकारको विकास साझेदारको रूपमा परिषद्सँग हातेमालो गर्दै क्रियाशील रहेका छन् । परिषद्ले गैरसरकारी संस्था मार्फत समुदायमा पुऱ्याएको योगदान महत्वपूर्ण छ । संघसंस्थाहरूले विभिन्न समयमा हुने प्रकोप महामारी जस्ता आपतकालीन समयमा प्रभावकारी रूपमा आकस्मिक सेवा प्रदान गर्दै आएका छन् । साथै मुलुकको विकास र समृद्धिका लागि महत्वपूर्ण साझेदारका रूपमा संघसंस्थाहरू क्रियाशिल रहँदै आएका छन् ।

सरकार, समाज र गैरसरकारी संस्था तीनवटै क्षेत्रबीच परिषद्ले पुलको रूपमा आफ्नो दायित्व निर्वाह गर्दै आइरहेको छ । समाज परिवर्तन भएसँगै फेरिएको सामाजिक आवश्यकता, समाजको अपेक्षा र मुलुक संघीयतामा गइसकेपछि फेरिएको संरचनाअनुसार परिषद् आफूलाई सोहीरूपमा भूमिका निर्वाह गर्न सक्षम छ भन्ने कुरा यसको कार्य र निर्वाह गरेको भूमिकाले प्रमाणित गरिसकेको छ ।

मुलुकको विकासका निम्ति राज्यले निर्माण गरेका योजना, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गैरसरकारी संस्थाहरूको भूमिका महत्वपूर्ण छ । ती संघसंस्थाहरूलाई परिषद्मार्फत राज्यको प्रभावकारी साझेदार बनाउँदै विकास निर्माण कार्यमा हातेमालो गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो भने समाज कल्याण परिषद्को मूल उद्देश्य पनि हो । परिषद्का ती सम्पूर्ण उद्देश्यलाई सही अर्थमा कार्यान्वयन गर्दै मुलुक निर्माणको दिशामा हातेमालो गर्दै अगाडि बढ्न 'आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गर्न' परिषद् सदैव आफ्नो कर्ममा क्रियाशिल रहनेछ ।

# परिच्छेद एक

## परिचय

### १ पृष्ठभूमी :

नेपाल र नेपाली समाजको सर्वाङ्गीण विकासको लागि समाजका कमजोर, असहाय र असक्त व्यक्तिहरूलाई सेवा पुऱ्याउने, पिछडिएको वर्गलाई आर्थिक एवं सामाजिक रूपमा सक्षम बनाउने तथा समाज सेवासँग सम्वन्धित विभिन्न क्रियाकलापलाई विकास निर्माण कार्यसँग सम्बद्ध गराउने कमजोर तथा असहाय व्यक्ति, वर्ग र समुदायलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउने, समाजसेवी संघसंस्थाहरूको मर्यादा र प्रतिष्ठा बढाउने गैरसरकारी संघसंस्थाहरूको काम कारबाहीमा समन्वय गर्न समाज कल्याण परिषद्को स्थापना भएको हो । वि.सं. २०३४ सालमा स्थापना भएको सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् 'समाज कल्याण ऐन २०४९' अनुसार समाज कल्याण परिषद् कायम हुन गएको हो ।

समाज कल्याण परिषद्ले नेपालमा कार्य गर्ने सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको समन्वय, सम्झौता, तिनका कार्यक्रमहरूको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, कार्यक्रम स्वीकृति, तथा राष्ट्रिय प्रतिनिधि एवं कार्यक्रम विशेषज्ञहरूको प्रवेशाज्ञा सिफारिस लगायत विविध सेवा सुविधाहरू उपलब्ध गराउँदै आएको छ । मुलुकमा हुँदै आएको राजनीतिक परिवर्तन सँगसँगै राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरूको परिषद्सँगको संलग्नता/आवद्धतामा उल्लेख्य बृद्धि हुन गई तिनीहरूबाट प्राप्त हुने आर्थिक सहयोगमा समेत बृद्धि भएको छ । परिषद्को आन्तरिक श्रोतहरूलाई उल्लेख्य परिचालन गरी लक्षित उद्देश्य परिपूर्ति गर्न परिषद् सदा प्रयासरत छ ।

### २. समाज कल्याण परिषद्को संगठनात्मक संरचनाः

**परिषद्को संगठनात्मक संरचना अनुसूचीमा राखिएको छ ।**

**क) परिषद्को गठन :**

'समाज कल्याण ऐन २०४९' को दफा ५ बमोजिमको परिषद् गठन हुने व्यवस्था रहेको छ । परिषद्का मनोनीत पदाधिकारी सदस्यहरूको पदावधि चार वर्षको रहने व्यवस्था छ । निजहरू पुनः मनोनीत हुन सक्नेछन् भन्ने व्यवस्था ऐनले गरेको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री - अध्यक्ष

नेपाल सरकारबाट मनोनीत - उपाध्यक्ष

नेपाल सरकारबाट मनोनीत - कोषाध्यक्ष

राष्ट्रिय योजना आयोगका माननीय सदस्य (सामाजिक सेवा हेर्ने) - सदस्य

नेपाल सरकारबाट मनोनीत ७ जना - सदस्यहरू

प्रतिनिधि, श्री अर्थ मन्त्रालय - सदस्य

प्रतिनिधि, श्री गृह मन्त्रालय - सदस्य

प्रतिनिधि, श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

प्रतिनिधि, श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

प्रतिनिधि, श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

प्रतिनिधि, श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - सदस्य

नेपाल सरकारबाट मनोनीत - सदस्य सचिव

**ख) कार्य सम्पादन संरचना**

समाज कल्याण परिषद्ले ऐनद्वारा प्रत्याभूत कार्यहरूको सञ्चालन सम्पादन तथा व्यवस्थापन गर्न ५ वटा विभागको गठन एवं कार्यविभाजन गरी कार्य गर्दै आएको छ ।

- सामान्य प्रशासन विभाग
- योजना तथा कार्यक्रम विभाग
- अनुगमन एवं मूल्यांकन विभाग
- आर्थिक प्रशासन विभाग
- भृकुटीमण्डप व्यवस्थापन विभाग

**ग) परिषद् मातहत रहेका कोष तथा कार्यालयहरू :**

- उपकार कोष

- राष्ट्रिय अपाङ्ग कोष
- राष्ट्रिय स्वास्थ्य कोष
- जेष्ठ नागरिक कोष
- सामाजिक उद्यमशिलता कोष

**घ) परिषद्को कार्यविधि :**

- परिषद्को बोर्ड बैठक कम्तीमा वर्षको दुई पटक बस्ने व्यवस्था छ ।
- परिषद्ले आफ्नो कार्यसञ्चालनका लागि परिषद्का अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य-सचिव र सदस्य समेत बढीमा ७ जना सम्मको कार्यसञ्चालन समिति गठन गर्ने व्यवस्था छ ।
- आवश्यक परेमा परिषद्ले उपसमितिहरू समेत गठन गरी कार्यसञ्चालन गर्न सक्ने व्यवस्था छ

## ३. समाज कल्याण परिषद्को काम कर्तव्य र अधिकार :

**'समाज कल्याण ऐन २०४९' मा व्यवस्था भए बमोजिम परिषद्को निम्न काम कर्तव्य र अधिकार रहेको छ ।**

- समाज कल्याण र विकास कार्यहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने ।
- सामाजिक संघसंस्थाहरूलाई सहयोग गर्ने, उनीहरूकाबीच समन्वय गर्ने र तिनीहरूको कामको अनुगमन, सुपरिवेक्षण र मूल्यांकन गर्ने, गराउने ।
- सामाजिक संघसंस्थाहरूको स्थापना, विकास, विस्तार र सुदृढीकरणका लागि आवश्यक सहयोग गर्ने, गराउने ।
- नेपाल सरकार र सामाजिक संघसंस्थाहरू बीच समन्वयकर्ताको रूपमा कार्य गर्ने, गराउने ।
- समाज कल्याण कार्य तथा समाज सेवा सम्बन्धी नीति निर्माण तथा कार्यक्रम तर्जुमा सम्बन्धमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने ।
- समाज कल्याण कार्यका लागि कोषहरूको स्थापना र सञ्चालन गर्ने, गराउने ।
- समाज सेवामा संलग्न परिषद्सँग आबद्ध संघसंस्थाहरूका लागि सूचना तथा अभिलेख केन्द्रका रूपमा कार्य गर्ने, गराउने ।
- समाज कल्याण कार्यसँग सम्बन्धित विषयमा तालिम दिने, अध्ययन, अनुसन्धान गर्ने, गराउने ।
- परिषद्सँग आबद्ध सामाजिक संघसंस्थाहरूको भौतिक सम्परीक्षण गर्ने, गराउने ।

- स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संघसंस्था, विदेशी राष्ट्रसँग आवश्यक सम्झौता वा करार गर्ने, गराउने ।
- राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउनुका साथै प्राप्त सहयोग रकमको सु-व्यवस्थित रूपमा परिचालन गर्ने ।
- समाज कल्याण ऐनको उद्देश्य अनुरूप अन्य कार्यहरू गर्ने ।

## ४ कार्यक्षेत्र र कार्यहरू :

### क) अनुमति र सम्झौता :

'समाज कल्याण ऐन २०४९' को दफा १२ र १६ मा अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छ ।

- नेपाल राज्यभित्र काम गर्न चाहने विदेशी गैरसरकारी संघसंस्थाहरूले काम गर्नुअघि काम गर्ने अनुमति लिनका लागि परिषद्मा निवेदन दिनुपर्ने ।
- परिषद्ले बढीमा तीन महिनाभित्र निर्णय गरी अनुमति दिन सक्ने व्यवस्था छ ।
- अनुमति प्राप्त गरेका विदेशी गैरसरकारी संस्थाले नेपालभित्र काम गर्नुअघि परिषद्सँग सम्झौता गर्नुपर्ने व्यवस्था छ ।
- कुनैपनि सामाजिक संघसंस्थाले नेपाल सरकार वा विदेशी सरकार, अर्न्तराष्ट्रिय संघसंस्था वा नियोग वा व्यक्तिबाट प्राप्त हुने कुनैपनि सहयोग प्राप्त गर्दा परिषद्को स्वीकृति लिनुपर्ने छ ।

# परिच्छेद दुई

## आ.व २०८०/०८१ मा सम्पादन भएका मुख्य उपलब्धिहरू :

### क) सामान्य प्रशासन विभाग अन्तरगत सम्पादित कार्यहरू :

| सि.नं. | क्रियाकलाप | वार्षिक लक्ष्य | वार्षिक प्रगति |
|---|---|---|---|
| १ | परिषद् बोर्ड बैठक सञ्चालन | आवश्यकता अनुसार | परिषद् बोर्ड बैठक मिति २०८०।६।५ मा सम्पन्न भई आ.व.०८०।०८१ को बजेट, नीति तथा कार्यक्रम पारित गरिएको साथै परिषद्को वार्षिक उत्सव सामाजिक सेवा दिवस मनाउने सम्बन्धी निर्णयहरू भएको । |
| २ | निर्णयहरू कार्यान्वयन | आवश्यकता अनुसार बैठक आयोजना | परिषद् बोर्ड र कार्य सञ्चालन समितिको बैठकबाट भएका निर्णयहरू कार्यान्वयनका लागि लेखी पठाइएको साथै कार्यान्वयनको चरणमा रहेको । |
| ३ | वार्षिक उत्सव एवं ४४औं सामाजिक सेवा दिवस | ४४औं सामाजिकसेवा दिवस एक पटक आयोजना | माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा विभिन्न सामाजिक संघसंस्था तथा समाजसेवीहरूको उपस्थितिमा ४४औं सामाजिक सेवा दिवस सम्बन्धी विविध कार्यक्रमहरू सम्पन्न भएको । |
| ४ | लिखित जवाफ प्रतिक्रया र कागजातहरू उपलब्ध गराउने । | | परिषद्मा आयोगबाट माग भएका विवरण तथा प्रतिक्रिया र कागजातहरू उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| ५ | पदपूर्तिका लागि प्रकृया | आवश्यकता अनुसार | परिषद्को पदपूर्तिका लागि आ.व.०८१/०८२ को वार्षिक कार्यतालिकामा समावेश गरिदिन लोक सेवा आयोग, केन्द्रीय कार्यालयलाई अनुरोध गरी पठाइएको । |
| ६ | परिषद्को संगठन तथा व्यवस्थापन अध्ययन (O&M) सर्वेक्षण | आवश्यकता अनुसार | परिषद्को संगठन तथा व्यवस्थापन अध्ययन (O&M) सर्वेक्षणका लागि परामर्शदातासँग सम्झौता भई कार्य अगाडि बढेको । यसै विषयमा परिषद्का पदाधिकारी, सम्बन्धित परामर्शदाता, कर्मचारी र परिषद्मा क्रियाशील कर्मचारी संघ/संगठनका प्रतिनिधिबीच छलफल आयोजना गरिएको । |

**ख) योजना तथा कार्यक्रम विभाग :**

**अन्तराष्ट्रिय गैरसरकारी संस्था तर्फ वार्षिक प्रगति विवरण :**

**१. साधारण सम्झौता (General Agreement) :**

| क्र.सं. | कार्यको विवरण | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | नयाँ साधारण सम्झौता | ५ वटा | ३ वटा | ६०% | |
| २. | साधारण सम्झौता नवीकरण | १५ वटा | १८ वटा | १२०% | |

**२. परियोजना सम्झौता (Project Agreement) :**

| क्र.सं. | कार्यको विवरण | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | परियोजना सम्झौता सम्पन्न भएको | ५० वटा | ४४ वटा (कुल सम्झौता रकम रु. २१ अर्ब ५८ करोड १८ लाख ५३ हजार ६ सय रूपैयाँ ६३ पैसा) | ८८% | |

## ३ परियोजना सम्झौता संशोधन (Project Amendment ):

| क्र.सं. | कार्यको विवरण | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | परियोजना सम्झौता संशोधन भएको | १५ वटा | ४१ वटा (संशोधन भइ थप भएको रकम रु.२ अर्ब ११ करोड ११ लाख ९३ हजार ५ सय ३९ रूपैयाँ २७ पैसा मात्र) | २७३% | जाजरकोट र बाजुरा लगायतका जिल्लामा गएको भू-कम्पको कारण विपद् व्यवस्थापनका लागि परियोजना सम्झौतामा संशोधन कार्य भएको । |

## ४. साधारण सम्झौता भंग (Termination) :

| क्र.सं. | कार्यको विवरण | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | साधारण सम्झौता भंग | १५ वटा संस्था | १० वटा | ६६.६६% | प्रक्रियागत रूपमा कार्य सञ्चालन समितिमा राख्नुपर्ने भएकोले । |

## ५. आयात इजाजत/भन्सार महशुल छुट सिफारिस :

| क्र.सं. | अ.गै.स.स/गै.स.स. संख्या | रकम (डलरमा) | कैफियत |
|---|---|---|---|
| १. | १९ | ७,९०,५१२ | |

## ६. कार्य सहमति, श्रम स्वीकृति एवं गैर पर्यटकीय प्रवेशाज्ञा सिफारिस :

| क्र.सं. | अ.गै.स.स/ गै.स.स. संख्या | जम्मा विज्ञ तथा परिवार संख्या | कैफियत |
|---|---|---|---|
| १. | ४६ | ८८ | |


अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग भएको साधारण तथा परियोजना सम्झौता
60
50
40
30
20
10
0
5
3
15
18
50
44
साधारण सम्झौता -नयाँ_
साधारण सम्झौता -नविकरण_
परियोजना सम्झौता
वार्षिक लक्ष्य
वार्षिक प्रगती


स्वीकृत परियोजना
२५००
२०००
१५००
१०००
५००
०
१३२०
२०७७
वार्षिक लक्ष्य
वार्षिक प्रगती


कार्यक्रम स्वीकृति कुल बजेट अर्ब
४०
३५
३०
२५
२०
१५
१०
५
०
३५.३
२५
वार्षिक लक्ष्य
वार्षिक प्रगती


अगैसस तर्फ आ.व. २०७५/०७६ देखि २०८०/०८१ सम्मको
स्वीकृत रकम
४५०००००००००
४००००००००००
३५०००००००००
३००००००००००
२५०००००००००
२००००००००००
१५०००००००००
१००००००००००
५००००००००००
०
२५२७२५३१५१७
१८९३२२०७४१६
५११०६४८४०४
३९८०१९३२२१८
३०४८९१३५७८५
२१५८१८५३६०६
०७५/७६
०७६/७७
०७७/७८
०७८/७९
०७९/८०
०८० /८१


आ.व. २०७५/०७६ देखि २०८०/०८१ सम्म परिषदबाट गैससतर्फको स्वीकृत रकम
४५००००००००००
४००००००००००
३५००००००००००
३००००००००००
२५००००००००००
२००००००००००
१५००००००००००
१००००००००००
५०००००००००
०
१६६१४८८५२२१
१७८६४३८१५६२
१४६२६२७१२६५
३९८०१९३२२१८
३१४९८४२३४७९
३५२६८८११५९७
०७५/७६
०७६/७७
०७७/७८
०७८/७९
०७९/८०
०८०/८१


गै.स.स.तथा अ.गै.स संस्थाद्वारा सञ्चालित परियोजना अनुगमन तथा मूल्यांकन विवरण
१२५०
११५०
१०५०
९५०
८५०
७५०
६५०
५५०
४५०
३५०
२५०
१५०
५०
-५०
८०
१०४
१२००
१०३३
अ.गै.स
गै.स. स
लक्ष्य
प्रगती

## २) गै.स.स.को परियोजना स्वीकृति/अनुमोदन सम्बन्धी विवरण

| क्र. सं. | क्रियाकलाप | वार्षिक लक्ष्य | वार्षिक प्रगति | प्रगति प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | |
| १ | कार्यक्रम स्वीकृतितर्फ | १००० संस्था/ १३२० परियोजना/ कार्यक्रमको आन्तरिक र वैदेशिक सहयोग गरी जम्मा रु. २५ अर्ब लक्ष्य रहेको । | आ.व. को अन्त्य सम्ममा १३०४ संस्थाको २०७७ वटा कार्यक्रम/ परियोजनाको रु. ३५,२६,८८,११,५९७।७५ (पैतीस अर्ब छब्बीस करोड अठासी लाख, ११ हजार पाँच सय ९७ रूपैयाँ ७५ पैसा) बराबरको परियोजना स्वीकृत भएको । | १५७.३४% परियोजनागत) | १४१.०८ % बजेटगत) | |
| २ | वैदेशिक अनुदान रकम खर्च अनुमोदन प्रक्रियामा राख्ने | | १७६ वटा संस्थाको १७६ वटा कार्यक्रमहरु. ६,३६,१२,४१,६०९।८० (छ अर्ब छत्तीस करोड बाह्र लाख एकचालीस हजार छ सय नौ रुपैयाँ असी पैसा) रकम अनुमोदनको प्रक्रियामा राखिएको र संस्थालाई सचेत गराइ नवीकरणको सिफारिस गरिएको । | | | पूर्व स्वीकृति नलिई कार्यक्रम सञ्चालन गर्ने कार्यलाई क्रमश: निरुत्साहित गर्दै सचेत गराइ दोस्रो पटकदेखि जरिवाना लिने व्यवस्था गरिएको छ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | संघसंस्थालाई नियमित अनुदान उपलब्ध गराउने | राष्ट्रिय अपाङ्ग कोष, स्वास्थ्य कोष, जेष्ठ नागरिक कोषलाई अनुदान उपलब्ध गराउने, रु. १० लाखका दरले रु. ३० लाख उपलब्ध गराउने । | प्रथम, दोस्रो र तेस्रो चौमासिक गरी परिषद् मातहत रहेको राष्ट्रिय अपाङ्ग कोष, राष्ट्रिय स्वास्थ्य कोष, राष्ट्रिय जेष्ठ नागरिक कोष अनुदान रकम रु. १० लाखको दरले कुल रु. ३० लाख उपलब्ध गराइएको । | १०० % | १०० % | -- |
| ४ | संस्था अनुदानबारे | -- | नेपाल कुष्ठ रोग निवारण संघलाई रु. २ लाख अनुदान रकम निकासा गरिएको । | १०० % | १०० % | |

**समन्वय शाखा अन्तर्गत :**

**संस्था दर्ता तथा नवीकरण सम्बन्धी विवरण :**

| क्र.सं. | शीर्षक | वार्षिक लक्ष्य | वार्षिक प्रगति |
|---|---|---|---|
| १ | संघसंस्था आबद्धता | पेश भएको तथा औचित्यताको आधारमा | १४७२ (३६८ कम्पनी, ११०४ संस्था) |
| २ | संघसंस्था नवीकरण | पेश भएको तथा औचित्यताको आधारमा | २०२० |
| ३ | आबद्धता प्रमाणपत्र प्रतिलिपी प्रदान | पेश भएको तथा औचित्यताको आधारमा | १६२ |
| ४ | जम्मा संघ संस्था आवद्धता | आ.व. २०८०/०८१ सम्म | ५७२४० |

## ग) अनुगमन एवं मूल्यांकन विभाग :

### १) अ.गै.स.स.द्वारा सञ्चालित परियोजना अनुगमन तथा मूल्यांकन विवरण :

**मूल्यांकन शाखा**

| क्र.सं. | क्रियाकलाप | वार्षिक लक्ष्य (वटा) | वार्षिक प्रगति | वार्षिक प्रगति % | कैफियत |
|---|---|---|---|---|---|
| | अ.गै.स.स. मूल्यांकनको लागि टोली गठन गर्ने | ८० | १०४ | १३०% | |

### २) गै.स.स. संस्थाद्वारा सञ्चालित परियोजना अनुगमन तथा मूल्यांकन विवरण :

**अनुगमन शाखा :**

| क्र.स | विवरण | वार्षिक लक्ष्य | वार्षिक प्रगति (परियोजना) | कैफियत |
|---|---|---|---|---|
| १ | गै.स.स. मूल्यांकन | ७५० | ५९६ | ५०२ मूल्यांकन टोली मार्फत |
| २ | गै.स.स. टेबल मूल्यांकन | ३५० | ३६८ | |
| ३ | बालगृह निरीक्षण | ७० | ६४ | |
| ४ | गै.स.स. कार्यक्रम अनुगमन | ३० | ५ | |

**अन्य कार्यहरू :**

- स्वीकृत परियोजनाको अनुगमन तथा मूल्यांकन कार्य अनुगमन, सुपरिवेक्षण एवं मुल्यांकन निर्देशिका २०७१ को (पाँचौ संशोधन २०७८ सहित) बमोजिम हुने गरेको छ ।
- मूल्यांकन कार्य परियोजनागत रूपमा हुने गरेको छ ।
- विषय विज्ञ र अर्थिक विज्ञहरू परिषद्को सूचीबाट छनौट गर्ने गरिएको छ ।
- प्राप्त प्रतिवेदनहरूको सुझाव कार्यान्वयन तत्काल माग गर्ने, आगामी परियोजनामा समावेश गर्ने गरिएको ।
- प्राप्त प्रतिवेदन सम्बन्धित संस्था, दातृ निकाय एवं सरोकारवाला निकायहरूमा नियमित पठाउने गरिएको छ ।

## घ) परिषद्को आय-व्यय विवरण

| कार्यको विवरण | वार्षिक लक्ष्य | यथार्थ प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|
| आय | ३०,६३,००,००० | ३३,७५,९५,४५६ | ११० प्रतिशत |
| व्यय | ३०,६३,००,००० | १४,१३,८५,४२८ | ४६ प्रतिशत |

## ङ) भृकुटीमण्डप व्यवस्थापन विभाग :

### क) भृकुटीमण्डप विभागको मूख्य-मूख्य कार्यहरू :

हाल यस कार्यालय व्यवस्थापन विभागको रूपमा प्रशासनिक तथा दैनिक नियमित कार्यहरू गर्नुका साथै विभागमा प्राप्त हुने भाडा रकमहरू दैनिक रूपमा बैंक खातामा दाखिला गर्ने, लेजर पोष्टिङ्ग गर्ने, बगैंचाको प्रवेश टिकट बिक्री गर्ने, प्रदर्शनी हल र चौर भाडामा दिने, दैनिक सरसफाई लगायतका कार्यहरू नियमित रूपमा सञ्चालन गर्ने जस्ता मुख्य कार्यहरू रहेको छ ।

### ख) वार्षिक रूपमा सम्पन्न भएका दैनिक प्रशासन सम्बन्धि कार्य :

१. भृकुटीमण्डप व्यवस्थापन विभागबाट आ.व. ०८०/०८१ मा चिठीपत्र, निवेदन दर्ता ४०५९ वटा र चलानी २४५३ वटा भएको ।

२. आ.व. २०८०/०८१ मा प्रदर्शनी स्थल बुकिङ्ग भएको विवरण :

| प्रदर्शनी हल बुकिङ्ग | ठुलो चौर बुकिङ्ग | बगैचा बुकिङ्ग | मूल गेट छेउको चौर बुकिङ्ग | हल पछाडिको चौर बुकिङ्ग | रिपोर्टस क्लब सँगैको चौर बुकिङ्ग |
|---|---|---|---|---|---|
| १३६ दिन | १५२ दिन | २४ दिन | ३२८ दिन | १६ दिन | ६ दिन |

### ग) आर्थिक प्रगति :

आ.व.२०८०/०८१ मा अनुमानित आय रु. १२ करोड ७१ लाख गरिएकामा करिब रु. १७ करोड ०४ लाख रकम आम्दानी भएको ।

# परिच्छेद तीन

## परिषद्को समस्या, चुनौतीहरू तथा समाधान र भावी रणनीति

### (क) समस्या र चुनौतीहरू

सामाजिक क्षेत्रका गतिविधिहरूलाई व्यवस्थित र प्रभावकारी बनाई यस क्षेत्रमा संलग्न संघसंस्थाहरूलाई जिम्मेवार जवाफदेही, उत्तरदायी र पारदर्शी बनाउने सन्दर्भमा देहाय बमोजिमका समस्या र चुनौतिहरू देखापरेका छन् ।

- परिषद् कार्यालय सञ्चालनार्थ पर्याप्त स्थान नहुँदा दैनिक सेवा प्रवाह र अभिलेख व्यवस्थापनमा समस्या भएको ।
- गैरसरकारी संस्था परिचालनमा एकद्वार नीतिको पूर्ण परिपालनमा समस्या रहेको ।
- कार्य प्रभावकारी हुन नसकेको ।
- परिषद्को संगठनात्मक ढाँचा समयानुकूल हुन नसकेको ।
- कर्मचारीको नियमित वृत्ति विकास कार्य रोकिएको ।
- AML र TF को जोखिमको आधारमा व्यवस्थापन गर्न नसकिएको ।
- परिषद् सञ्चालनका लागि दिगो आर्थिक श्रोतको अभाव रहेको ।
- बक्यौता असुली र बेरुजु फछ्र्यौट अपेक्षाकृत हुन नसक्नु ।
- विद्युतीय प्रणालीबाट सेवा प्रवाह/व्यवस्थापन भइ नसक्नु ।

### ख) समाधानका उपायहरू

- लैनचौर स्थित भवनबाट स्थानान्तरण गर्दा सरकारले भवन निर्माणका लागि आवश्यक पर्ने बजेट उपलब्ध गराउने प्रतिवद्धता कार्यान्वयनको लागि भवन विभागमा तत्काल पहल गर्ने ।
- यस आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममा समेत यस सम्बन्धि विषय समावेश भएकोले सम्बन्धित सरोकारवाला निकायको सहभागितामा कार्यान्वयनका लागि पहल गर्ने ।
- आवश्यकता/प्राथमिकता क्षेत्रमा परियोजना सञ्चालनका लागि अध्ययन कार्यदल गठन गरी कार्यबाही बढाउने ।
- प्रक्रियामा रहेका O&M Survey लाई पूर्णता लिएर लागू गर्ने ।
- लोक सेवा आयोगको सहमति र परामर्शका आधारमा कार्य सुचारु गर्ने ।
- विषयगत अध्ययन कार्यदल गठन गरी बेरुजु फच्छ्यौट गर्ने ।

- नेपाल सरकारबाट नियमित अनुदान सहितको सहयोग सुनिश्चितताको लागि अनवरत पहल गर्ने ।
- महालेखाको सुझाव कार्यान्वयन र नियमित सम्परिक्षण र सो सम्बन्धी कार्यदल गठन गरी कार्यबाही बढाउने ।
- विद्युतीय प्रणालीको निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

**ग) भावी रणनीतिहरू**

- विद्यमान समाज कल्याण ऐनलाई समयसामयिक बनाउने ।
- जनशक्ति व्यवस्थापन र परियोजनालाई परिणाममुखी बनाउन अनुगमन र मुल्याङ्कन प्रक्रियामा सरलता ल्याउने कार्यलाई प्राथमिकता दिइ अगाडि बढाउने ।
- जवाफदेहीता र पारदर्शीता जस्ता पक्षलाई रूपान्तरणका मुख्य आधार बनाई आर्थिक तथा प्रशासनिक पक्षलाई सवलीकरण गरि प्रविधि मैत्री बनाउने ।
- परिषद्ले संचालन गर्ने कार्यक्रमहरू र प्रवाहगर्ने **सेवाहरूको आयाममा व्यापकता बनाउने ।**
- कार्यक्रमलाई प्रभावकारी बनाउन **नियामक निकायको** रूपमा कार्य गर्ने ।
- **मानवीय सहायता एवं सामाजिक परिचालनका** कार्यक्रम सञ्चालन गरी सरकारको सामाजिक क्षेत्रका घोषित कार्यक्रमलाई आफ्नो क्षेत्रबाट योगदान दिने ।
- कार्यक्रमहरूलाई प्रभावकारी बनाउन **क्षेत्रगत र भौगोलिक प्राथमिकता** निर्धारण गर्ने

# परिच्छेद चार : लेख/रचनाहरू

## Collaboration for transforming Eye Health in Nepal

***- By Seva Foundation USA/Seva Canada Society(SEVA), Nepal***

The documented evidence of Eye care situation in Nepal was first recorded in 1981, with the National blindness survey. This document showed that the prevalence of blindness in Nepal was 0.81%, which was startling. In 40 + years since then, the situation of blindness has improved significantly.

- From 0.84% in 1981, there was a 65% improvement in the prevalence of blindness found by the Rapid Assessment of Avoidable Blindness (RAAB) survey done in 2010. http://nnjs.org.np/
- There has been an increase in cataract surgical coverage from 35% in 1981 to 85% in 2011. https://www.iapb.org/news/nepal-eliminates-trachoma/
- Trachoma as a public health problem has been eliminated. https://www.who.int/blindness/actionplan/en/



*Nepal Blindness Survey 1981, Technical Support by Seva*

**What were the steps taken?**

After encountering massive prevalence of avoidable blindness, under the guidance and supervision of the Government, major development partners from different partes of the world united to create better eye care services in Nepal. Seva Foundation US/Seva Canada played a pivotal role in this along with WHO, CBM - Germany, Eye Care Foundation Netherlands, NABP Norway, AOCA Japan and other partners came together to bring care at the ground level. Each development partners focused on one particular “Development Region” or a “zone”, as Nepal was divided into at that time.

Seva focused on Lumbini zone, Eye Care Foundation on Gandaki zone of the Western Development Region, and NABP on Far Western development region.

The support of these partners can be broadly categorized into the following areas:

- **Establishment of eye hospitals and community eye care centers**

Few examples are Rana Ambika Eye Hospital/Lumbini Eye Institute and Research Center, Himalaya Eye Hospital, Sagarmatha Chaudhary Eye Hospital, Geta Eye Hospital

- **Human resource development for care provision**
  - OA program was pioneered by Seva in 1981
  - MD in ophthalmology program in Nepal
  - Fellowships in different subspecialty in Nepal

- **Continuous capacity strengthening**- equipment, HR support, training and adoption of new technology.
  - The partners have continued to support to enhance the care provided by upgrading the skills of work force and provision of latest technology.
  - Volunteer ophthalmologists who came to Nepal (and stayed back) to train the local talent in surgery. Special mention to Dr. Albrecht Hennig from CBM Germany, Dr. Martin Spencer and Dr. Litwin from Seva foundation/ Seva Canada.



*Dr. Dick Litwin developing a coursebook for Ophthalmic Assistants*

- **Community based eye health care system creation**
  - The geographic terrain and the gap in knowledge in the public on eye health were major barriers to reach the people living in rural and remote areas. A community-based eye care system, in the form of Primary Eye Care Center was adopted to reach the unreached. This set up was envisioned to provide preventive, promotional and therapeutic eye health in the community. An eye care center has basic equipment for diagnosis, the staff is trained in common eye conditions and can train community health volunteers and teachers on eye health care. The eye care center is also the focal point for cataract screening camps and school screening camps.

In addition to serving people directly through the eye hospitals, the eye care centers, and community screening camps provided care to the population of Nepal. The result is evident in the decreasing prevalence of blindness in the country.

## Current Status

In 1981, eye care services in Nepal began with a single eye department at Bir Hospital and just seven ophthalmologists. Thanks to significant efforts, including those of organizations like Seva, the country now has over 40 secondary and tertiary dedicated eye hospitals, ophthalmic departments, and more than 100 district and community eye care centers, supported by 497 registered ophthalmologists, as reported by the Nepal Ophthalmic Society Directory (as of August 2024).

**Eye Health Workforce Development:**

Seva has played a key role in shaping Nepal's eye health workforce, driving forward several unique initiatives. Notably, the Ophthalmic Assistant (OA) program is a groundbreaking approach developed with Seva's support. This program strengthens the backbone of eye care in Nepal by training support staff to work in primary eye care centers and address the burden of refractive errors at the community level.



*Dr. Martin Spencer treating patient*

Additionally, the country has developed an MD Ophthalmology program to train doctors in ophthalmology, produce skilled cataract surgeons, create master trainers, and reduce the need for treatment referrals to other countries. Optometry programs at both the Bachelor's and Master's levels further contribute to this development.

Today, with the continued backing of organizations like Seva, Nepal has established itself as a global recognition in eye care, capable of delivering world-class training and transferring advanced skills in ophthalmology.

**Guardianship of Government of Nepal:**

The Government of Nepal had initially delegated a large portion of eye health care to non-government sector, while maintaining a strict monitoring and supervision framework. An apex body in eye health- the consortium of all development partners and the Government of Nepal was established in 1999 to plan and oversee the eye health care programs in the country.

Currently, the National eye health strategy (2079-86) is the guiding framework for now. Based on this strategy, Govt of Nepal will integrate the primary eye care into primary health care services, while still work in collaboration with other development partners for continuing effective care in secondary and tertiary care. The High Level Commision for eye health is the governing body to align eye health care policies, programs and their implementation in the country to reach the targets of WHO of which Government of Nepal is a signatory to.

In alignment with the WHO's resolution to increase the percentage of "effective refractive error correction (eREC) and effective cataract surgical coverage (eCSR) MoHP has outlined the target for Nepal. The eCSR which is 35% now, is targeted to reach 70% by 2030.

## Highlight on Collaboration

The significant outcomes of the collaboration with external partners in eye health care is very evident in the current service provision. The collaboration gave Nepal the best eye care providers in hospitals, human resources, training modules and systems. The collaboration has put Nepal in world map as an exporter of world class intraocular lens, hospitals who cater to international patients, academic institutions to produce world class professionals and a sturdy sustainable system in the community to provide access to eye health care for all.

*Established in 1978, Nepal Netra Jyoti Sangh (NNJS) became Seva's first partner and now operates as the largest eye care network in Nepal.*

Seva Foundation/Seva Canada has been a continuous development partner to eye health care in Nepal. Seva provided the technical assistance to the Nepal Blindness Survey of 1981, which help to design the strategic plan for Nepal. Seva adopted the Lumbini zone and supported the establishment of Shree Rana Ambika Eye Hospital from scratch. Currently this institute is a high volume self-sustained, tertiary care provider academic center in Bhairahawa. Later Seva expanded the support beyond this zone.



*Palpa Lions Lacoul Eye Hospital*

*"In partnership with Palpa Lions Lacoul Eye Hospital, the Seva Foundation has made a profound and lasting impact in the fight against preventable blindness. From the very beginning, Seva has been an invaluable partner, supporting us in various outreach efforts, including DST (Diagnostic, Screening and Treatment) camps, surgical camps, and training programs for teachers, Female Community Health Volunteers (FCHVs), and healthcare workers. Their contributions have also enabled us to acquire vital equipment and provided our hospital staff with essential training in quality, safety, and specialized skills across multiple departments.*

*This collaboration has brought light and hope to countless individuals, not only by restoring their vision but also by restoring their dignity and opening doors to new opportunities. Without Seva's unwavering support, we would have struggled to make such transformative progress in our sight-saving mission." Dr. Suchan Pun, Medical Director, Palpa Lions Lacoul Eye Hospital, NNJS*

The first eye care center of the country, reaching into the hilly terrain of Palpa was the Eye Care Center in Palpa, which is now developed into Palpa Lions Lacoul Eye Hospital. As most of eye care services in Nepal are in the Southern belt of the country, Seva has tried to provide support to the hilly and mountainous regions by supporting the concept of District level eye care centers and periodic surgical centers to provide services in such terrain. In areas which cannot support a sustainable eye hospital due to less population and hence service needs, such periodic surgical services and connection with a base hospital optimizes the available resources. Currently, Seva's expansion has embraced all 7 provinces.

Seva works through her partner non-government organizations and designs the program such that they reach the patients at ground level directly.

**Our primary areas of action are**

- Providing access to eye care in community by establishment of Eye care centers. These community eye care centers are technically supported by base hospitals and often are established in collaboration with local Government support. This allows for sustainable centers while ensuring supervision and monitoring from the Government sector.
- Seva supports programs so that they are accessible to females and children. An example is screening camps in community, where women can reach easily and receive care. Building surgical centers close to target communities, for periodic surgical services in areas where an eye hospital cannot be sustainable, another modality of Seva to ensure access to females who cannot travel to receive surgical services. School screening camps are also supported to reach all children. This helps reduce the burden of visual impairment and blindness in children which can have lasting negative impact on the child, her family and community.
- Capacity strengthening of the hospitals and human resources is another major focus of Seva. Seva connects the hospitals to training programs as per the need identified by the hospitals. Currently Seva is focused on developing "Master Trainers" in Nepal from among skilled Nepalese eye health care workforce, so that training modules pertinent to Nepal's need and context can be built.



*Visual test at the eye camp*

*"With Seva's support, Geta Eye Hospital has expanded its services across 17 eye care centers, collectively serving approximately 50,000 outpatients annually. Thanks to the establishment of a teleophthalmology network, more than 10 of these centers are now connected to Geta Eye Hospital, enhancing accessibility to expert eye care. Additionally, Seva's contributions have enabled the development of subspecialty services at the hospital, ensuring comprehensive eye care for all patients. We are also grateful for the establishment of a sustainable waste management system, which promotes a healthier environment for our patients and staff." Dr. Suresh Raj Pant, Medical Director, Geta Eye Hospital, NNJS*

- Supports operational research, a capacity strengthening exercise for the centers in the areas they are struggling in. This is a novel exercise in eye health care service providers of the country.
- Seva supports acquisition of appropriate technology in the eye care health providing centers, to make preventive and therapeutic services easily accessible for the patients.

With these 4 primary focus areas targeted, Seva has been working to ensure quality

and safety in the care provision for the patients. In fact, Seva has pioneered in the subject to include "Safety and Quality" in eye care. Different programs have been conducted to sensitize policy makers, and all stakeholders in eye care to inculcate them in each program.

Seva has indirectly created job opportunities to skilled human resources, help create sustainable ecosystems in eye health care and paved the way for collaborative approach with the Government.

In the last 5 years, Seva has contributed USD 5,098,589.00 (Rs. 613,309,461.00) to enhancing eye health care systems in Nepal.

The funds have been utilized in strengthening eye care system in Nepal, providing quality assured care to all and creating skilled human resources in eye health care. Our major achievements till date are:

- Financial support to RAAB 2010 and 2019
- Supported establishment of 63 eye care centers
- Supported upgrading of 12 eye care centers to surgical centers.
- Training 79 ophthalmologists in different subspecialty to provide state of art care through the hospitals.
- Support to 26 ophthalmologists for MD Residency program, before the Government of Nepal started supporting for that program.
- Supported 26 ophthalmic assistants in PCL Ophthalmic Sciences course.
- Supported 14 optometrists and OAs in orthoptic training.
- Supported 165 ophthalmologists, paramedics, eye health care managers in attending different national and international conferences to present their original papers or to represent Nepal.



*Meeting in Eastern Nepal regarding Establishing Eye Care Center*

Seva's presence in training programs is very strong. Our attempt to support includes Refresher training, conferences and workshops to disseminate information, impart new skills and present research papers.



*Elderly being guided to eye camp by Mr. Ram Prasad Kandel (Former Program Director, Seva Nepal)*

**WAY FORWARD:**

Collaboration and co-creating is the key to moving ahead. Incorporating eye care in primary health care is the next step envisaged by the Government of Nepal which will make eye care accessible to all. Under the leadership of the Government of Nepal, the development partners can support and strengthen the eye health care scenario of Nepal.

Seva has initiated the collaboration with Government to strengthen the HMIS system to generate a robust report of eye care in Nepal.

Such collaboration can also extend between development partners who have been working in eye health care of Nepal for decades. This synergy can build an exemplary system and help in achieving the Global landmarks in eye health care strong in Global scenario.

# बाल संरक्षण र हेरचाहमा प्रणालीगत परिवर्तन आवश्यक

– ***By Forget Me Not, Nepal***

विश्वले बाल श्रम, बेचबिखन, बाल विवाह, बाल दुर्व्यवहार, बाल शोषण एवं युद्धको चपेटामा परेका बालबालिकाको संरक्षणको संवेदनशील चुनौतीहरूको सामना गरिरहेको अवस्था छ । नेपालमा पनि बाल विवाह, बाल श्रम, बालबालिकाको ओसारपसार तथा बेचबिखन, दुर्व्यवहार एवं भेदभाव जस्ता बाल संरक्षणका चुनौती विद्यमान रहेका छन् । अन्य थुप्रै गम्भीर विषयका अघि छाँयामा परेको एक विषय संस्थागत हेरचाह अनुभव गरेका बालबालिका र वैकल्पिक हेरचाहका आवश्यकता भएका बालबालिका पनि हुन् । नेपालमा बालबालिकाको सुरक्षा, संरक्षण र हेरचाह सुनिश्चितताका लागि प्रणालीगत परिवर्तन आवश्यक रहेको छ । बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धनका लागि आवश्यक नीति, कानून र कार्यक्रमहरू भएता पनि कार्यान्वयनमा चुनौतीहरू रहेको छ ।

## अन्तर्राष्ट्रिय सन्दर्भ :

बाल संरक्षण र हेरचाहको क्षेत्रमा नेपालले अन्तर्राष्ट्रिय मापदण्डहरूलाई अपनाउन र कार्यान्वयन गर्न महत्वपूर्ण प्रगति गरेको छ । बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि (United Nation's Convention on Rights of the Child) जस्ता अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरूले बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धनका लागि आवश्यक दिशानिर्देशहरू प्रदान गर्दछ । यी महासन्धिहरूले बालबालिकाको अधिकारलाई मानव अधिकारको एक अविभाज्य भागको रूपमा मान्यता दिई बालबालिकालाई परिवार, शिक्षा, स्वास्थ्य, खेलकुद, र संस्कृति लगायतका क्षेत्रमा समान अधिकार र अवसरहरू प्रदान गर्नुपर्ने उल्लेख गरिएको छ ।

नेपालले UNCRC लाई सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरेर पक्ष राष्ट्रको रूपमा विश्वमा आफूलाई चिनाएको थियो र यसलाई आफ्नो राष्ट्रिय कानूनमा समावेश गरी बाल अधिकार सुनिश्चित गर्ने दिशातर्फ अग्रसर रहेको तीन दशकभन्दा बढी भएको छ । यसले नेपालमा बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धनका लागि महत्वपूर्ण आधार प्रदान गरेको छ । साथै नेपालले विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सहकार्य गर्दै बाल अधिकार संरक्षणका लागि आवश्यक सहयोग र सहायता प्राप्त गर्दै आएको पनि छ । यस्ता संघसंस्थाहरू मार्फत बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा र आर्थिक सशक्तिकरणका लागि सहयोग हुँदै आएका छन् ।

## राष्ट्रिय सन्दर्भ

नेपालमा बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धनका लागि सरकार, संघसंस्थाहरू र समुदायले महत्वपूर्ण भूमिका खेलेका छन् । सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता र संलग्नतामा सरकारले बाल अधिकार संरक्षणसम्बन्धी नीति, कानून र कार्यक्रमहरू तयार गर्दै आएको छ ।

नेपालले पनि अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न प्रयासहरू गर्दै आएको छ । नेपाल सरकारले बालबालिकाको अधिकारसम्बन्धी ऐन, नियमावली र निर्देशिका जारी गरेको छ। यसका साथै नेपाल सरकारले बाल अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना पनि तयार गरेको छ।

नेपालमा बालबालिका सम्बन्धी ऐन लागू भएसँगै ऐनको दफा ५९ बमोजिम संघीय स्तरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत राष्ट्रिय बाल अधिकार परिषद्को परिकल्पना गरिएको छ भने, दफा ६० बमोजिम प्रत्येक प्रदेशमा प्रदेश बाल अधिकार समिति र स्थानीय तहमा स्थानीय बाल अधिकार समिति रहने व्यवस्था पनि गरिएको छ। यस व्यवस्थासँगै दफा ६१ मा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि स्थानीय तहमा एक जना बाल कल्याण अधिकारी रहने प्रावधान पनि उल्लेख गरिएको छ।

राष्ट्रिय बाल अधिकार परिषद्बाट मिति २०८१ आषाढ ३१ गते उपलब्ध गरिएको तथ्यांक अनुसार नेपालका ७५३ वटा स्थानीय तहमध्ये ३७२ वटा स्थानीय तहमा स्थानीय बाल अधिकार समिति गठन भएका छन् भने, ३९० वटा स्थानीय तहमा बाल कल्याण अधिकारीको नियुक्ति वा जिम्मेवारी तोकिएको जानकारी प्राप्त भएको छ। त्यसैगरी परिषद्को तथ्यांक अनुसार ४०८ वटा स्थानीय तहले बाल संरक्षण सम्बन्धी कार्यविधि कार्यान्वयनमा ल्याउन सफल भएका छन्। २०७५ को ऐन तथा २०७८ को नियमावलीले परिकल्पना गरे बमोजिमका समिति र जनशक्तिको व्यवस्था पूर्ण हुन नसक्नु पनि गम्भीर र चुनौतीपूर्ण विषय रहेको छ।

नेपालमा २०७२ सालमा भएको संरचना विकेन्द्रीकरण पश्चात् बालबालिकाको अधिकार संरक्षण प्रवर्द्धनमा उल्लेखनीय सकारात्मक परिर्वतन भएको छ । संघीयताको कार्यान्वयनसँगै देशलाई ७ प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तहमा विभाजन गरिएको छ। विकेन्द्रीकरणले स्थानीय तहलाई बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्न अधिकार र स्रोतहरूको हस्तान्तरण सहितको जिम्मेवारी दिएको छ। यस जिम्मेवारीले गर्दा बालबालिकाको आवश्यकता र समस्याहरू स्थानीय स्तरमा नै सम्बोधन गर्न सकिएको अवस्था सराहनीय छ।

नागरिक समाज एवं संघसंस्थाहरूमार्फत बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि महत्वपूर्ण योगदान पुगेको छ । यी संघसंस्थाहरूले बाल अधिकार संरक्षणका लागि सरकारमा प्रभावकारी रूपमा दबाब सिर्जना गर्न पनि सक्षम भएका छन्। साथै समुदायको पनि बालबालिकाको अधिकार संरक्षणमा महत्वपूर्ण भूमिका रहेको छ। समुदाय स्तरमा बालबालिकाको संरक्षण र हेरचाहका लागि स्थानीय स्तरमा विभिन्न अभ्यासहरू शुरुवात भई निरन्तर रहेका छन्।

नेपालको राष्ट्रिय तथ्यांक (नेपालमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८०) अनुसार नेपालमा दर्ता गरिएका ४१८ वटा बालगृहहरूमा ११,२०२ जना बालबालिका आश्रित छन्

। अन्तर्राष्ट्रिय अध्ययनले बताएअनुसार विश्वमा रहेका बालगृहहरूमा आश्रित ८०% बालबालिकाका एक वा दुवै अभिभावक जीवित रहेका छन् (सेभ द चिल्ड्रेन, सन् २००९) । यस अध्ययनलाई आधार मान्ने हो भने पनि नेपालका बालगृहहरूमा रहेका ११,२०२ जना बालबालिकामध्ये ८,९६२ जना बालबालिकाको परिवार सबलीकरणमा केही सहकार्य गर्न सकिएको खण्डमा यी बालबालिका आफ्नो परिवारमा हुर्कन सक्ने र परिवारमा बाल्यकाल बिताउन पाउने वातावरण सिर्जना गर्न सकिने सकारात्मक सम्भावना रहेको छ । विभिन्न प्रलोभनमा पारी अनावश्यक रूपमा बालबालिकाको संस्थाकरण हुँदा बालबालिका दुर्व्यवहार, शोषण, बेचबिखन, र सबैभन्दा महत्वपूर्ण नकारात्मक मनोवैज्ञानिक समस्याबाट प्रभावित हुने पनि विभिन्न अध्ययनले देखाएका छन् । यस अर्थमा नेपालको तथ्यांकले नेपालमा रहेका बालगृहहरूको अवस्थाबारे जानकारी दिने मात्र नभई नेपालमा बालबालिकाको अधिकार संरक्षण, परिवार सबलीकरण र वैकल्पिक हेरचाह विकासमा काम गर्न आवश्यक रहेको सन्देश पनि दिएको छ ।

संयुक्त राज्य अमेरिकाले प्रत्येक वर्ष विश्वभर चुनौतीको रूपमा लिइएको मानव बेचबिखनको विषयमा United States Trafficking in Persons Report नामक प्रतिवेदन प्रकाशन गर्ने गर्दछ। सन् २०१७ पहिलो पटक यस प्रतिवेदनले नेपालमा बालगृहमा हुने बालबालिका बेचबिखनको नकारात्मक अभ्यासलाई प्रकाशमा ल्याएको थियो ।

"Under false promises of education and work opportunities, Nepali parents give their children to brokers who instead take them to frequently unregistered children's homes in urban locations, where they are forced to pretend to be orphans to garner donations from tourists and volunteers; some of the children are also forced to beg on the street."

United States Trafficking in Persons Report, २०२२ को अनुसार कोभिड १९ महामारीले जब नेपालमा बालगृहहरूको अनुगमन सुस्त बनाएको थियो, राष्ट्रिय बाल अधिकार परिषद्ले भर्चुअल माध्यमबाट पनि बालगृहहरूको अनुगमन निरन्तरता दिइरहेको थियो र आवश्यकता अनुसार बालगृहहरूबाट जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार पनि गरेको थियो । केही बालगृहहरूले बालबालिकालाई हस्तकला बनाउन र माग्न बाध्य पारेको थियो भने अन्य केही बालबालिकालाई यौन शौषण गरेको तथ्य पनि सो प्रतिवेदनमा उल्लेख गरिएको छ ।

बालबालिकालाई परिवारबाट हटाउने निर्णय अस्थायी र अन्तिम विकल्पको रूपमा मात्र लिनुपर्ने भनी सन् २०१८ को United States Trafficking in Persons Report ले उल्लेख गरेको छ । उक्त प्रतिवेदन अनुसार बालबालिकाको स्वस्थ संज्ञानात्मक विकास (Healthy Cognitive Development) का लागि पारिवारिक वातावरणमा सम्भव हुने भावनात्मक सहयोग, समय र साथलाई अनाथालय जस्ता निजी वा सरकारद्वारा सञ्चालित आवासीय संस्थाहरूले प्रतिस्थापन गर्न सक्दैनन् । यद्यपि, विश्वभर करिब ८० लाख बालबालिका यस्ता संस्थाहरूमा आश्रित छन्, र

अनुमानित ८० देखि ९० प्रतिशत बालबालिकाका कम्तिमा एक अभिभावक जीवित छन् ।

संस्थागत हेरचाहमा रहेका बालबालिका, विशेष गरी सरकारी संरचनाहरू, बेचबिखनका लागि सजिलो लक्ष्य हुन सक्ने पनि सोही प्रतिवेदनमा विश्लेषण गरिएको छ ।

यद्यपि, नेपाल, धेरै विकासोन्मुख राष्ट्रजस्तै, पर्याप्त बाल संरक्षण र गुणस्तरीय वैकल्पिक हेरचाह सेवाहरू प्रदान गर्ने चुनौतीहरूको सामना गर्दै आइरहेको छ । देशको जटिल सामाजिक-आर्थिक परिवेश, ऐतिहासिक र सांस्कृतिक पक्षहरूको मिश्रणबाट हाल बनेको प्रणालीले प्रायः जोखिममा रहेका, विशेष संरक्षणका आवश्यकतामा रहेका तथा वैकल्पिक हेरचाहको आवश्यकता रहेका बालबालिकाको आवश्यकताहरू पूर्ण गर्ने अथक प्रयास गरेता पनि सफल हुन अझै बाँकी छ ।

सरकारको संरचनामा भएको परिवर्तनले बालबालिकाको अवस्थामा सकारात्मक प्रभाव पारेको भएता पनि, अझै पनि धेरै चुनौतीहरू छन् । बालबालिकाको संरक्षण, शिक्षा, स्वास्थ्य, पोषण र हेरचाहका लागि पर्याप्त स्रोत र साधनहरूको अभाव, स्थानीय तहमा बालबालिकाको अधिकार संरक्षणका लागि आवश्यक ज्ञान र सीपको कमी, र बाल अधिकार संरक्षणका लागि सरकार, संघसंस्थाहरू र समुदायको सहकार्य सुदृढ भइनसकेको अवस्थाका कारण बालबालिकाको अवस्था अझै चुनौतीपूर्ण छ ।

## फर्गेट मी नटले गरेका प्रयासहरू

'फर्गेट मी नट अष्ट्रेलिया लिमिटेड' नामक एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपाल, युगान्डा र भारतमा साझेदार संस्थाहरूसँग सहकार्य गर्दै बाल संरक्षणका कार्य गर्दछ । यो संस्थाले सन् २०११ नोभेम्बर २२ मा नेपालमा समाज कल्याण परिषद्सँग साधारण सम्झौता गरी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको रूपमा स्थापना भएको थियो । यस संस्थाले हिमाली नवीन समाजसंगको साझेदारीमा बालबालिकाको अनावश्यक संस्थाकरण, परिवार बिछोडका मूल कारणहरूको एवं बालबालिकाको परिवारमा बस्न पाउने नैसर्गिक अधिकारको प्रवर्द्धनमा सहकार्य गर्दै आइरहेको छ । सन् २०१२ देखि हिमाली नवीन समाज संस्था मार्फत नेपालमा बाल संरक्षण प्रणाली सबलीकरण, हेरचाह रूपान्तरण, वैकल्पिक हेरचाह विकास, सामुदायिक सचेतना, पैरवी लगायतका कार्यक्रमका लागि नेपाल सरकारसँग समन्वय गर्दै कार्य गरेको छ । यस संस्थाले नेपाल सरकारद्वारा प्रचलित मापदण्ड विपरीत सञ्चालनमा रहेका बालगृहबाट उद्धार भएका जोखिममा रहेका बालबालिकाको अस्थायी संरक्षण सेवा तथा परिवार पूनर्मिलनका लागि नेपाल सरकारका तीनै तहसँगको समन्वयमा र सहकार्यमा कार्य गरिरहेको छ ।

बालबालिका संसारको जुनसुकै ठाउँमा जन्मिए हुर्किए पनि उनीहरूको आधारभूत आवश्यकताहरू माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा र विकासका अवसर

पाउनु बालबालिकाको नैसर्गिक अधिकार हो। समुदाय भनेको मानिसहरू मिलेर बनेको एकता हो जसमा खुशी र दुःखमा सँगै रहने, समस्या समाधान गर्ने, चाडपर्वहरूमा रमाउने र शान्ति र विविधताको सम्मान गर्दै संस्कृतिहरू मनाउने विश्वास हुन्छ।

नेपालमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ को उपदफा (१) अनुसार दफा ४८ को उपदफा (१) को खण्ड (क) देखि (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिन्छ। यी वर्गमा (क) अनाथ बालबालिका, (ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बुवा-आमाबाट अलग्गिएका वा बुवा-आमा पत्ता नलागी बेवारिसे भएका बालबालिका, (ग) बुवा-आमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका, (घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका, (ङ) थुनामा रहेका वा बन्दी बुवा वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, (च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका र (छ) बुवा, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्तामा परेका कारणले बालबालिकाको उच्चतम हितका लागि परिवारबाट अलग गरिएका बालबालिका पर्दछन्।

दफा ४९ को उपदफा २ मा उल्लेख गरिए बमोजिम यी बालबालिकालाई प्राथमिकताका आधारमा स्थानीय बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ। प्राथमिकताका आधारमा (क) बालबालिकाको आमा वा बुवाको तर्फका नातेदार पर्दछन् भने (ख) मा बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति पर्दछन्। त्यस्तै (ग) मा बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था र (घ) मा अन्तिम विकल्पको रूपमा बालगृह पर्दछन्।

यद्यपि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनका बावजूद परिवार र समुदायमा आउने विभिन्न चुनौती र समस्याको अल्पकालीन समाधान रोज्न पुग्दा बालबालिका आफ्नै परिवारमा हुर्कन पाउने नैसर्गिक अधिकारबाट बञ्चित हुन पुगेको पनि अवस्था छ। ऐनमा बाल संरक्षण प्रवर्द्धनका निमित्त विभिन्न व्यवस्था हुँदाहुँदै पनि समुचित व्यवस्थापन र वैकल्पिक हेरचाहको अवलम्बन प्रभावकारी ढङ्गले हुन नसकेको तीतो यथार्थ विद्यमान छ।

नेपालमा एक समय यस्तो पनि थियो जतिबेला सुदूर पश्चिम र कर्णालीका विकट गाउँ समुदायका अभिभावकहरूले आफू जीवित रहँदै आफ्नो मृत्युदर्ता प्रमाणपत्र बनाई आफ्नै छोराछोरीलाई अनाथको रूपमा काठमाडौं, चितवन र पोखरा लगायतका शहरहरूमा सञ्चालित बालगृह, अनाथालय वा अनाथाश्रमहरूमा गुणस्तरीय शिक्षा, सुबिधा र उज्ज्वल भविष्यको प्रलोभनमा पठाउने गर्थे। कति अभिभावकले छोराछोरीको बाटो खर्चका लागि भनी लाखौं रकम ऋण सापट गरी, जिन्सी सामाग्री र श्रम समेतको भाका राखी अन्य चिनेका वा नचिनेका व्यक्तिका साथ पठाउने गरेको पनि केही

अभिभावकहरूको गुनासो छ ।

**"भर्ना गर्नुस्, तर ३ जना छोरीहरूको तीस हजार लाग्छ ।"**

**"छोराको लागि सिट पाउन त धैरै गाह्रो छ, महँगो छ, ४५,००० तिर्नुपर्छ ।"**

**"यिनीहरू कहाँ तिम्रो छोरी हुन् र ? मैले पैसा तिरेर ल्याएकी हुँ यिनीहरूलाई ।"**

**"तरकारी हो र मेरी छोरीहरू, बजारबाट किनेर ल्याउनका लागि ?"**

यसरी गाउँबाट कयौं दिन पैदल हिँडेर शहर पुगेका कति बालबालिका बेचबिखनमा परे त कति धर्मसन्तानका रूपमा विदेश पुगे, सोको लेखाजोखा र तथ्यांक अझै पनि सरकारसँग छैन । फर्गेट मी नट अष्ट्रेलिया लिमिटेड र हिमाली नवीन समाज संस्थाले यिनै कारणले आफनो स्थापनाकालको केही समयमा नै बाल संरक्षणको क्षेत्रमा परिवारबाट बिछोड भई बालगृहमा ओसार पसार र बेचबिखनमा परेका र पर्न सक्ने जोखिममा रहेका बालबालिकाको अधिकार सुनिश्चित गर्न नेपाल सरकारसँगको समन्वय र सहकार्यमा पारिवारिक पूर्नएकीकरणको कार्य गर्दै आएको छ ।

नेपाल सरकार र नागरिक समाजको साझेदारीलाई दिगोपन दिई बालबालिकाको अनावश्यक संस्थाकरण, बालबालिका ओसारपसार तथा बेचबिखन र पारिवारिक बिछोडको रोकथाम गर्न एवं नेपाल सरकारको सामाजिक सुरक्षा योजनाहरूमा सहज पहुँच सुनिश्चित गर्न र बालबालिकाको परिवार र समुदायमा हुर्कन पाउने अधिकार सुरक्षित गर्ने लक्ष्य फर्गेट मी नट अष्ट्रेलिया लिमिटेड र हिमाली नवीन समाज संस्थाले लिएको छ। यसका लागि स्थानीय बाल संरक्षण प्रणाली सबलीकरणका लागि आवश्यक पैरवी र सहकार्य गर्दै आइरहेका छन् । नेपालमा हेरचाह रूपान्तरणमा प्रणालीगत परिवर्तन ल्याउन, वैकल्पिक हेरचाह विकास र परिवार सबलीकरणका लागि नेपाल सरकारको तीनै तहमा आर्थिक स्रोत व्यवस्थापन गर्न र नीतिगत सुधारका लागि पैरवी गर्न यस सहकार्यले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

नेपाल सरकारले बालगृहहरूबाट उद्धार गरेका बालबालिकालाई यस संस्थाले अस्थायी संरक्षण सेवा प्रदान गरी बालबालिकाको परिवार खोजी गरी, आवश्यक लेखाजोखा पश्चात स्थानीय तहको समन्वय र सल्लाह-सुझावमा पारिवारिक पूर्नएकीकरण गर्ने र घटना व्यवस्थापन प्रक्रिया मार्फत आवश्यक पारिवारिक सहयोग गरी परिवार सबलीकरणमा जोड दिने गर्दछ । घटना व्यवस्थापन सिफारिस बमोजिमका सहयोगका साथै अनुगमन तथा भ्रमण गरी सरकारी तथा गैरसरकारी निकायहरूबाट प्रदान गरिने सेवा तथा सुविधाहरूमा परिवारहरूको पहुँच वृद्धि गर्ने जस्ता कार्यहरू विगत दुई दशकदेखि निरन्तर रहेको छ ।

वैकल्पिक हेरचाह विकासमा क्रियाशील संघसंस्थाहरूको निरन्तर पैरवी पश्चात नेपालको बालबालिका सम्बन्धी सोह्रौं योजनाको बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यक्रममा विशेष

संरक्षणको आवश्यकता भएका बालबालिकालाई सम्बन्धित स्थानीय तहबाट नै वैकल्पिक हेरचाहको व्यवस्था गर्ने प्रणाली स्थापना गर्ने र बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित गर्दै अन्तिम विकल्पको रूपमा मात्र संरक्षण गर्ने व्यवस्थाको कार्यान्वयन गर्ने उल्लेख भएको छ। नेपाल सरकारको यस कदमलाई नागरिक समाजहरूले मुक्तकण्ठले प्रशंसा गर्दै आगामी कार्यक्रम र कार्यदिशा पनि सोही बमोजिम तय गर्दै आइरहेका छन्।

नेपालको कानूनले हालसम्म नचिनेको भए तापनि वैकल्पिक हेरचाहमा कार्य गर्दै आएका संघसंस्थाहरूको असल अभ्यास अनुसार उमेर पुगेका बालबालिका वा वयस्कहरूका लागि स्वतन्त्र सुपरिवेक्षित बसाइ (Independent Supervised Living) ले पनि बालबालिका एवं युवाहरूलाई प्रोत्साहन र समुदायमा घुलमिल हुने अवसर प्रदान गर्न सकेको छ। कानूनले यस्ता समय सान्दर्भिक अवधारणालाई नीतिगत पहिचान दिई प्रोत्साहन गर्न आवश्यक छ।

नेपालमा बालबालिका सम्बन्धी ऐन, २०७५ मा व्यवस्था भए अनुरूप जैविक वा नोतदार परिवारसँग संरक्षणको सम्भावना नभएका बालबालिकालाई, बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिको संरक्षणमा राखेर वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षण व्यवस्थापन गर्न सकिने नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्न फर्गेट मी नट अष्ट्रेलियाको आर्थिक सहयोगमा हिमाली नवीन समाज संस्थाले चितवन जिल्लाको माडी नगरपालिका र इच्छाकामना गाउँपालिका केन्द्रित रही सामुदायिक अपनत्व सहितको इच्छुक परिवारको अवधारणालाई स्थानीय तहको सहकार्यमा प्रवर्द्धन गर्दै आइरहेको छ।

संस्थाले चितवनको माडी नगरपालिका र इच्छाकामना गाउँपालिकामा समुदायको अपनत्व रहेको इच्छुक परिवारको अवधारणालाई विगत २ वर्षदेखि प्रवर्द्धन गर्दै आइरहेको छ। यस अवधारणालाई कार्यान्वयन गर्ने क्रममा स्थानीय जनप्रतिधि, स्थानीय अगुवा र सरकोवाला निकायहरूसँग यसबारे अपर्याप्त जानकारी रहेको पाइएको छ। यद्यपि समुदाय स्तरमा बालबालिकालाई उनीहरूको शिक्षाका लागि सहयोग गर्न र बाल विवाह जस्ता सामुदायिक कुरीतिबाट जोगाउन अनौपचारिक रूपमा पालनपोषण गर्ने असल मनका परिवारहरू पनि भेटिएका थिए।

बाल्यावस्था त्यस्तो समय हो जब हामी नयाँ सिर्जनाको खोजी गरी आनन्द मान्छौं र आफ्नो पहिचान पनि बनाउँछौं। यद्यपि यस्तो निश्चल समयमा भावनात्मक, शारीरिक, मानसिक एवं संवेगात्मक तनाव र चुनौतीको निरन्तर अनुभव गर्नुलाई खोसिएको बाल्यकाल मान्छन् संस्थागत हेरचाह अनुभवी युवाहरू।

**"संस्थागत हेरचाह अनुभवी बालबालिका र युवाहरूले सामान्य जनसंख्याको तुलनामा मानसिक चुनौतीहरूको सामना गर्ने जोखिम उच्च रहेको अनुसन्धानले निरन्तर देखाएका छन्। परिवारमा नै हुर्केका अन्य सदस्यको तुलनामा उनीहरूमा मानसिक समस्या हुने जोखिम लगभग चार गुणा बढी रहन्छ।"**

संस्थागत हेरचाहमा रहँदाको चुनौतीले  परिवार र समुदायमा फर्किदासम्म पनि प्रभाव पारेको, आफ्नो वास्तविक पहिचान गुमेको, सामाजिकीकरणमा चुनौती भएको जस्ता अनुभवले केही युवाहरूले आफ्नो लागि एक सुरक्षित सञ्जाल शुरु गरेका छन् - शाइन टुगेदर । शाइन टुगेदरले संस्थागत हेरचाह अनुभवी बालबालिका र युवाहरूको मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि तथा उनीहरूको अधिकार संरक्षणका लागि पनि नीति र कार्ययोजनाहरू बन्नुपर्ने आवाजहरू नीतिनिर्माण कर्तासम्म पुऱ्याउनका लागि पैरवी गर्दै आइरहेका छन् । यस सञ्जालले चित्रकलाको माध्यमबाट पनि पैरवी र सचेतना फैलाउन सकिन्छ भन्ने सन्देशका साथ बागमती प्रदेशमा काठमाडौं जिल्ला र कर्णाली प्रदेशमा सुर्खेत जिल्लामा चित्रकला प्रदर्शनी गरी स्थानीय, प्रदेश र संघीय स्तरका सरकारी पदाधिकारीहरू, नागरिक समाजका प्रतिनिधिहरू एवं अभिभावक र समुदायलाई बालबालिकालाई परिवारबाट टाढा पठाएर समस्याको समाधान हुँदैन भन्ने शिक्षा पनि दिँदै आएको छ ।

नेपाल, कम्बोडिया र हाइटी लगायतका देशहरूमा अधिकांश विदेशी पर्यटकहरू भ्रमणमा आउँदा अनाथालय, बालगृहहरूमा छोटो समयका लागि गरिने स्वयंसेवा (Orphanage Voluntourism) ले बालबालिकालाई मनोसामाजिक समस्या उत्पन्न गर्न सक्ने कुरालाई संस्थागत अनुभवी युवाहरूको सञ्जाल शाइन टुगेदरले विभिन्न पर्यटन व्यवसायीहरूलाई बाल सुरक्षित पर्यटन प्रवर्द्धन गर्ने अन्तरक्रिया कार्यक्रमहरू आयोजना गर्दै आएका छन् । यसका साथै, काठमाडौं जिल्लाका कलेजहरूका सामाजिक कार्य संकायका विद्यार्थीहरूमा पनि बालगृहमा गई स्वयंसेवाको अनुभव लिने अभ्यास बढ्दै गएको र यसले बालबालिकामा नकारात्मक प्रभाव पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्न विद्यार्थीहरूलाई यस बारे आफ्नै तीता अनुभव बाँडेर पनि सचेत गर्न सफल भएका छन् ।

बालबालिकाको वैकल्पिक हेरचाहमा केन्द्रित अन्तर्राष्ट्रिय स्तरमा प्रत्येक दुई वर्षमा आयोजना हुने गरिएको पाँचौं सम्मेलन Biennial Conference (BICON)  पहिलो पटक २०२३ साल सेप्टेम्बर ६ र ७ मा नेपालमा आयोजना गरिएको थियो । सो सम्मेलनमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सहभागीहरूलाई वैकल्पिक हेरचाह अन्तर्गतको नातेदार एवं इच्छुक व्यक्ति वा परिवारले दिन सक्ने संरक्षण सम्बन्धित हिमाली नवीन समाज संस्थाको असल अभ्यासहरूबारे अनुभव बाँडफाँड गरिएको थियो । यसका साथै शाइन टुगेदरले उक्त सम्मेलनमा संस्थागत हेरचाह अनुभवी बालबालिका तथा युवाहरूको समस्याहरूको सम्बोधन गर्न सरोकारवाला निकायहरूको ध्यानाकर्षण गर्दै नीतिगत सुधारका लागि आव्हान गरेका थिए । नेपालमा परिवार र समुदायमा आधारित वैकल्पिक हेरचाह विकासका लागि कार्यरत संघसंस्थाहरूको सञ्जाल वैकल्पिक हेरचाह कार्य समूह (Alternative Care Working Group) ले संघीय, प्रदेश र स्थानीय स्तरमा वैकल्पिक हेरचाह प्रवर्द्धनका लागि पैरवी गर्दै आइरहेको छ ।

नेपालको २०७८ को राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्याको ३४% मात्र बालबालिकाको संख्या रहेको छ जुन अघिल्लो जनगणनाको तुलनामा ६% कम छ । नेपालमा बाल संरक्षणका लागि उपलब्ध भएका स्रोत साधन पनि सही परिचालन र उपयोग गर्न सकिएको छैन । संयुक्त साझेदारी

र सहकार्य अत्यावश्यक रहेको छ।

## आगामी कार्यदिशा

बालबालिकाको अधिकार संरक्षण, वैकल्पिक हेरचाह विकास सम्बन्धी नीति, कानून र कार्यक्रमहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्दै समयसापेक्ष सुधार र परिमार्जन गर्दै लैजान आवश्यक छ। यसका लागि सरकारले नियमित रूपमा नीति, कानून र कार्यक्रमहरूको समीक्षा गर्न सक्दछ। बालबालिकाको अधिकार संरक्षणका लागि आवश्यक स्रोतहरूको वृद्धि गर्न सरकारले निजी क्षेत्रबाट पनि लगानीका लागि विभिन्न कार्यक्रमहरू गर्न सकिने सम्भावना छन् । वर्तमान अवस्थामा सञ्चालनमा रहेका बालगृहहरूलाई स्वेच्छिक रूपमा पारिवारिक पूनर्मिलन गरी बालगृहहरूको भौतिक संरचनालाई समुदाय लाभान्वित हुने पूर्नउद्देश्यीकरण गर्न सक्नेछ । यसका लागि सरकार बालबालिकाको पारिवारिक पूर्नएकीकरण गर्ने संस्था, बालगृह, बाल अधिकार विज्ञ, बाल अधिकारकर्मीबीच निरन्तर समन्वय र सहकार्य आवश्यक छ।

## निष्कर्ष

नेपालमा बालबालिकाको सुरक्षा, संरक्षण र उचित हेरचाह सुनिश्चित गर्नका लागि प्रणालीगत परिवर्तन अत्यन्त आवश्यक रहेको छ । बाल सरक्षणमा प्रणालीगत परिवर्तनले बालबालिका जोखिममा पर्नुका मूल कारणहरू सम्बोधन गर्ने र सम्पूर्ण बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्ने बहुआयामिक दृष्टिकोणले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । यसका लागि सबै सरोकारवालाहरूबाट निरन्तर प्रतिबद्धता, नीतिगत, कानूनी र सहकार्य सुधार एवं बालबालिकाको सुरक्षित भविष्यका लागि लगानी गर्न सरकारी तथा निजी स्रोत परिचालन र जवाफदेहिता सुनिश्चित गर्ने इच्छाशक्ति आवश्यक छ। सबै पक्षको सहकार्य र हातेमालोबाट मात्र नेपालमा बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्ने सुरक्षित र न्यायपूर्ण वातावरण सिर्जना गर्न सकिनेछ। बालबालिका सम्बन्धी ऐनले परिकल्पना गरेको कार्यात्मक र प्रभावकारी बाल संरक्षण प्रणालीलाई चलायमान बनाउन सरकारको प्राथमिकतामा पर्नु अत्यन्त जरुरी छ। भविष्यका कर्णधार र विकासका साझेदारका रूपमा लिइनुपर्ने बालबालिकाको अधिकार संरक्षणले मुलुकको छवीलाई उच्च र सकारात्मक बनाउँछ। यसका लागि बालबालिकामा लगानी र सुरक्षित भविष्य निर्माणमा परिणामुखि, दिगो र सार्थक प्रयास हुन जरुरी छ।

# Climate Change and its Cascading Impacts in Nepal

- ***By Practical Action, Nepal***

Climate change is becoming a complex issue with far-reaching consequences. Its impacts cascade through various interconnected systems, affecting everything from ecosystems to economies. Nepal's diverse topography, ranging from Terai plains to Mount Everest, is highly susceptible to climate change. The country's fragile ecosystems and socio-economic structure, dependent on agriculture, tourism, and hydropower, are increasingly disrupted by rising temperatures and erratic precipitation. Nepal is experiencing a surge in extreme weather events, including floods, landslides, and GLOFs, due to climate change. These environmental changes have severe consequences, affecting agriculture, food security, water resources, energy, infrastructure, public health, ecosystems, tourism, and disaster risk reduction. According to the BIPAD portal, a digital platform established by the Ministry of Home Affairs to track disaster cases, over 80% of total incidents that occur in a year are climate-dependent.

**Agriculture and food security:** The alteration in precipitation patterns, with erratic monsoon seasons and extended dry spells, can lead to floods and droughts. These impacts affect crop yields, particularly rice, maize, and wheat, which are sensitive to shifts in water availability and temperature. Unseasonal rainfalls often destroys crops. Lower yields could result in dependency on imported foods and price hikes, ultimately increasing vulnerability to climate change impacts.

**Water resources and energy:** Melting glaciers and erratic rainfall create imbalances in water availability. A few incidents of floods due to glacial lake outbursts have recently been experienced in Nepal. Such incidents result in flash floods while leading to long-term reductions in water availability for irrigation, drinking, and energy generation. With impacts on agriculture and energy, Nepal is likely to face a huge crisis in food and energy due to increasing climate risk.

**Infrastructure and transportation:** Landslides, floods, and heavy rains disrupt critical infrastructure, including roads, airports, bridges, hydropower projects, and energy transmission. Hundreds of kilometres of roads, numerous flights, river-crossing structures such as bridges and culverts, and many transmission lines have been damaged due to floods and landslides caused by erratic rainfall. Damage to infrastructure not only delays disaster response and recovery efforts but also significantly affects economic activities. The cut-

off of road access, communication, and supply chains puts communities in isolation. The prolonged isolation of rural areas affects livelihoods, drives up the cost of goods and services, and increases inequalities.

**Public health:** Rising temperatures and altered rainfall patterns create favourable conditions for the spread of vector-borne diseases such as malaria, dengue, and cholera, particularly in the lowland Terai region. Additionally, due to climate change, such conditions are also being created in higher mountains, as disease-transmitting mosquitoes are seen in these regions. Local from at least 69 districts of the total 77 have complained spread of dengue in their areas. Increased disease outbreaks place added strain on Nepal's public health systems, particularly in remote and underserved areas. Health issues directly impact workforce productivity and exacerbate poverty as families face increased medical expenses. Malnutrition, already prevalent due to food insecurity, worsens as climate impacts disrupt agriculture, leading to higher incidences of child stunting and maternal health problems.

**Ecosystem and biodiversity:** Nepal's rich biodiversity, including its forests and wetlands, is under threat from rising temperatures, habitat loss, and changing precipitation patterns. Endangered species in the high-altitude ecosystems and biodiversity hotspots are particularly vulnerable. Loss of biodiversity affects ecosystem services such as pollination, water regulation, and soil fertility, which are critical to agriculture and livelihoods. Degraded ecosystems also increase vulnerability to landslides and floods, as forests and wetlands serve as natural buffers against disasters. The loss of these services creates a feedback loop, where degraded environments further exacerbate the effects of climate change, making adaptation more challenging.

**Tourism:** Nepal's tourism sector, especially trekking, mountaineering, and eco-tourism, is heavily reliant on its natural environment, which is being degraded by climate change. Glacial retreat and landslides in key tourist destinations, such as the Annapurna and Everest regions, are already causing disruptions. Thame, a tourist village in Everest region, was swept way this year due to GLOF. The flood has devastated the village. Experts are studying over whether to relocate locals to a safer village as three glacial lakes above the settlements are said to be in about to burst condition.

As natural attractions deteriorate, the tourism sector faces a decline in visitor numbers, directly impacting local economies dependent on tourism revenue. This leads to job losses and reduced income for businesses in the tourism value chain, from hospitality to handicraft industries. Additionally, climate-induced hazards such as avalanches and GLOFs threaten the safety of tourists, further discouraging tourism.

**Disaster risk reduction:** Climate change has increased the uncertainties, frequency, and intensity of natural hazards. The underlying vulnerabilities, poorly planned urbanization, and land degradation have further exacerbated disaster risk. Frequent and recurring disasters erode development gains and create challenges in the recovery process. Such impacts strain government resources, diverting attention and funds from long-term development projects. Moreover, inadequate early warning systems for climatic hazards and limited access to risk financing, such as insurance, leave vulnerable communities exposed to recurring losses.

Climate change would pose a severe threat to Nepal, with its cascading impacts affecting every sector, from agriculture to public health, water resources, and infrastructure. The country's reliance on climate-sensitive livelihoods, combined with its fragile ecosystems, could make it especially vulnerable to the consequences of rising temperatures, erratic rainfall, and snow melt. The interconnectedness of these systems means that disruptions in one area would likely lead to a chain reaction of adverse effects across others. For instance, reduced water availability due to glacial melt could not only affect agriculture and energy production but also strain public health systems and increase the risk of waterborne diseases. The shortage of drinking water has forced many people from hilly region to migrate to the lower land. Water scarcity has affected irrigation system so locals are forced to migrate to lower land.

As disasters like floods and landslides become more frequent, already marginalized communities could be pushed further into poverty, underscoring the urgent need for comprehensive and coordinated responses to these cascading impacts.

Moving forward, Nepal should adopt a multi-pronged approach to address these challenges, focusing on resilience-building and sustainable development. Strengthening climate-smart agricultural practices, improving water resource management, and investing in climate-resilient infrastructure would be essential first steps. Diversifying energy sources beyond hydropower and enhancing public health systems to deal with climate-induced diseases could also help safeguard vulnerable populations. Furthermore, protecting ecosystems through nature-based solutions and expanding disaster risk reduction efforts, including early warning systems and climate insurance, would be crucial. These efforts should be underpinned by inclusive governance, ensuring that marginalized communities are part of the solution, and by continued engagement with international partners to secure the necessary funding and expertise for long-term adaptation.

# Efforts on Improving Education by INGOs

- ***By Association of International NGOs (AIN) Team, Nepal***

International non-governmental organizations (INGOs) working in Nepal have given high priority to education. According to data available from the Association of International NGOs (AIN), Madesh province has the highest number of INGOs (12), followed by Bagmati (10), and Karnali (7). Lumbini has the fewest with 3, while Koshi and Gandaki each have 4.Over 33 member organizations of AIN are working in this sector. This report compiles information from 21 member organizations that work in all provinces. These INGOs promote inclusive quality education, working with 368 local governments, 8,697 schools, and approximately 957,052 students.




The AIN members are actively supporting inclusive quality education in several key areas, as stated below:

- Promoting access to inclusive quality education through learning environment improvement that includes accessible classrooms, WASH/MHH facilities, friendly seating arrangements, preparing children for attending schools through the support of stationaries, identification of out-of-school children, non-formal/accelerated classes, bridge classes, remedial class support, income generating support to parents, parenting education and home learning support.
- Promoting quality and relevance of education through teachers’ professional development support on inclusive classroom management & pedagogy, early reading and learning materials development, STEAM approach to education, ICT integration in education, teachers training on sign language, braille scripts, and skills of diverse learning materials development.
- Supporting the development of curriculum and learning materials, which includes support on local curriculum development, development and use of sign language digital content to accommodate children with hearing impairment in learning, relevant story

books, content-based digital learning materials, materials for book corner, low/no-cost teaching learning materials development, home learning materials development by engaging parents, and so on.

- Improving Resilience and School Safety, Support for the development/improvement of safe learning facilities, green gardening, and solid waste management, multi-hazard risk assessment through participatory process, school safety plan preparation, mock drill exercise, simulations, awareness raising, and capacity development on school safety education.

- AIN member organizations provide support for strengthening education governance, which includes sensitization on the importance of inclusive representation in governing structures such as School management committees/PTA and hiring teachers, inclusive SIP and policy, plan, and strategy development support to schools and the local governments (LGs) followed by participatory and consultative process, strengthening functional complaint hearing mechanism in schools, parents/community engagement in education. Support for ensuring child participation in the decision-making process and planning process.

Equally supporting Schools and LGs to identify out-of-school children (OOSC) and their school enrollment by developing OOSC guidelines.

Last year alone, the AIN members supported 126 LGs and 4201 schools in implementing the ReAL plan. It includes capacity building of Education Officials and teachers on ReAL plan implementation, education materials support, support on remedial class conduction, self-learning materials support, home reading corner establishment, parenting support, peer education, reading fair, self-learning materials support, Institutional capacity building of CLC-multi grade multi learning (MGML) approach, Teaching at the right level (TaRL).

In addition to these activities, AIN EWG is equally engaging in the following areas;

- Representation and technical assistance to SESP thematic working groups.

- Early screening, assistive device support and adaptation of UDL principle in teaching and learning

- Identification of Out of School Children, conduction of accelerated/bridging classes

- Social and Emotional Learning (SEL) support to students to set their future career pathway

- Individual Education Plan
- Teaching at the right level (TaRL)
- Homeschooling and School at home
- The STEAM approach in education
- Promotion of Digital Library and ICT integration in Education
- Parenting education and home learning support
- Promotion of Eco-friendly school

Our engagement in education added value in the following key areas;

- Reaching to most marginalized groups and bringing community voices and perspective
- Bridging the gap in service delivery
- Generate data/evidence and model dissemination
- Pilot innovative ideas
- Policy support, particularly for gender-responsive and inclusive policy formulation at the local level

During FY 23/24, we contributed USD 16.77 million to support the promotion of inclusive quality education in collaboration with government institutions.

# Unifying Health Data for Nepal's INGOs

- ***By Association of International NGOs (AIN) Team, Nepal***

In achieving health related development goals, Government of Nepal is collaboratively working with state and non-state actors. The partnerships with international non-governmental organizations (INGOs) and their contributions has helped in strengthening Nepal's health sector. The INGOs are jointly working with the Ministry of Health and Population (MoHP) in the priority areas of the Government to achieve the health development goals. Moreover, the INGOs are also contributing to responding to the health emergency to relief from the emergency condition. Currently, there are 33+ INGOs in the Association of International Governmental Organizations (AIN) umbrella who have been actively contributing to health sectors working in different thematic areas of health and different geographical areas. AIN has a stronghold of one hundred and twenty INGO members working on a wide range of issues making noteworthy contributions to development and humanitarian efforts.  Based on the thematic area, the AIN has its different thematic working groups. Health working group (HWG) is one of them which is coordinating with different INGOs working in health sectors and supporting MOHP for coordination.

The Health Coordination Division at MOHP has realized that the contributions of different INGOs need to be streamlined as per the priorities of the Government and develop a new and simplified reporting system. Hence, the Health Coordination Division and AIN/HWG worked together, to come up with the concept of mapping INGOs' contribution to health sectors.

The objective of developing the digital mapping of the program activities and geographical coverage of AIN members working in health care is to integrate into the Ministry of Health and Population's website. The mapping would allow the MoHP to generate the relevant information through a single portal and reduce the different reporting requirements for the health partners. It can be viewed at https://mohp.gov.np/en  and https://ain.k8s.yipl.com.np/




The expected outcome of this mapping is as follows:

- A link in MoHP's website is created that has a digital dashboard to visualize AIN's health interventions in Nepal.

- The dashboard is expected to help in prioritizing and targeting areas/populations in need and prevent duplication of resources.
- The digital mapping is expected to strengthen the coordination and collaboration among stakeholders working in the same geographical locations.
- The dashboard would assist primarily in identifying the INGOs working in different geographies (province, district, and municipalities) in Nepal and the major health areas/thematic areas they are working in.

# उन्मुलन तर्फ छाउपडी प्रथा

- राजेन्द्र प्रसाद उप्रेती

## भूमिकाः

छाउपडी शब्द 'छाउ' र 'पडी' शब्द मिलेर बनेको हो । जसअनुसार 'छाउ' ले छुन नहुने भन्ने जनाउँछ भने 'पडी'को अर्थ महिला हो । त्यसैले 'छाउपडी'को अर्थ महिनावारी भएका महिलाहरूले अरुलाई छुन नहुने अवस्था भन्ने बुझिन्छ । नेपाली समाजमा महिनावारी भएका महिलाहरूलाई बुझाउने अरु शब्दहरू पनि छन् । उदाहरणको लागि, 'छुई' । यो शब्द कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा बढी प्रचलनमा छ । 'छाउपडी' भन्ने शब्द अछाम जिल्लामा बसोबास गर्ने राउटे जातिले बोल्ने भाषाबाट लिइएको पाइन्छ ।

छाउपडी प्रथा परम्परादेखि चलिआएको एउटा सामाजिक-सांस्कृतिक अभ्यास हो । जसले महिनावारी भएको समयमा किशोरी र महिलाहरूलाई अशुद्ध हुने भन्दै उनीहरूलाई छोइछिटो गर्ने गरिन्छ । कतिपय समुदायमा त महिनावारी भएका महिलाहरूलाई घरकै छुट्टै कोठा या एकान्त ठाउँमा रहेको छाउगोठ वा गाइगोठमा बस्न पारिन्छ । उनीहरूलाई घरभित्र प्रवेश गर्न दिइँदैन । पौष्टिक आहारबाट बञ्चित गर्दै परिवारका पुरुष सदस्यलाई छुन रोक लगाइन्छ । अरुले प्रयोग गर्ने शौचालय र पानीको धारा सिमेत छुन दिँइदैन । महिनावारी भएको समयमा महिलालाई सामाजिक सभा समारोहमा उपस्थित हुन समेत रोक लगाइन्छ भने अन्य दैनिक गतिविधि गर्नबाट बञ्चित गरिन्छ ।

परिवार र समाजद्वारा श्रृजित यस्ता गलत मान्ताका कारण अहिलेको सूचना प्रविधि र आधुनिक युगमा पनि महिलाहरू अन्धविश्वासजन्य मान्यताबाट प्रताडित हुँदै आएका छनु । जसले गर्दा किशोरी तथा महिलाहरूको जीवनमा प्रत्यक्ष असर गरिरहेको छ । जसले भविष्यमा गएर महिलाहरूको समग्र जीवनस्तर नै तहसनहस बनाउन सक्छ ।

कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश प्राकृतिकरूपले जति सुन्दर छ, सामाजिक रूपले त्यति नै उपेक्षित र धार्मिक रूपले अन्धविश्वासी पनि छ । भौगोलिक विकटतासँगै शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक लगायतका विकासको दृष्टिले पनि अभावै अभाव छन् । महिनावारीको समयमा असुरक्षित रूपमा घरबाहिर छाउ गोठमा बस्न बाध्य पारिदा ब्ययभिचारी पुरुषद्वारा विभिन्न किसिमका यौनजन्य हिंसामा पर्ने गरेका छन् भने बलात्कार जस्तो जघन्य अपराधको शिकार समेत हुने गरेका छन् । महिनाबारीको समयमा गोठमा बस्दा बिरामी पर्ने, सर्प, बिच्छी लगायत विषालु तथा अन्य जंगली जनावरको टोकाइ तथा आक्रमणमा पर्ने गरेका छन् ।

हाम्रा विद्यालयहरू पनि छात्रामैत्री छैनन् भने त्यहाँ छात्रामैत्री शौचालय तथा प्याडको व्यवस्था हुन सकेको छैन । कुनै ठाँउमा त्यसको व्यवस्था भएता पनि प्याड लगाउने, फेर्ने तथा ब्यवस्थापन गर्ने ठाँउको अभाव छ। महिनावारीको समयमा पाँच दिनसम्म विद्यालय नजादा पढाइमा कमजोर हुने र अन्त्यमा पढाइ नै छाड्ने अवस्थाको श्रृजना समेत हुने गरेको छ ।

पहिलो पटक महिनावारी भएपछि घरका अन्य सदस्यहरूको मुख हेर्नु हुँदैन भन्ने अन्धविश्वासले किशोरीहरू घर बाहिर लुकिछिपि बस्नुपर्ने अवस्था विद्यमान छ । स्वास्थ्य, शिक्षामा समस्या र आर्थिक विपन्नता त छँदैछ, मानिसको चेतनास्तर पनि बिपन्न छ । छाउपडी प्रथा, बाल बिवाह, छोरा र छोरीबीचको विभेद, जातीय छुवाछुतजस्ता सामाजिक विकृतिबाट माथि उठ्न सकेको छैन । महिनावारी र सुत्केरी भएको समयमा महिला तथा किशोरीहरूलाई छिछि र दुरदुर गर्ने, अछुतको व्यवहार गर्ने चलन अझैसम्म जरो गाडेर बसेको छ । महिला र किशोरीहरूमा हुने प्राकृतिक एवं स्वभाविक प्रक्रियालाई अछुतको रूपमा लिएर ७ दिन (५ दिनसम्म छाउ गोठमा बस्ने गरेका छन् भने थप दुई दिन घर परिवारले पिउने पानी छुन नदिने) सम्म महिला र किशोरीलाई पिडा दिने चलन छ भने सन्तान जन्मिएको ११ दिनसम्म सुत्केरी र नवजात शिशु छाउगोठ तथा गाँइगोरु बाध्ने गोठमै बस्नुपर्ने बाध्यता छ ।

## यस्तो छ अध्ययन

कर्णाली क्षेत्रमा क्रियाशिल एक संस्थाले गरेको एक अध्ययन अनुसार, अध्ययनमा सहभागी भएका ४६% मानिसहरूमा छाउपडि प्रथा नमान्दा भगवान रिसाउने, परिवार र समाजमा नराम्रो आइपर्छ भन्ने मान्यता बोकेको पाइन्छ। अध्ययन अनुसार ४२% महिला र किशोरीले महिनावारीको समयमा अरु बेलाको जस्तै सामान्य खाना खान पाउँदैनन् । त्यसैगरी उनीहरूको सङ्ख्याको ठूलो अनुपात (८५%) ले महिनावारीको अवधिमा दूध र दूधबाट बनेका खाद्यपदार्थहरू पनि खाँदैनन् । अध्ययमा सहभागी करिब ७१% उत्तरदाताले दूधले भगवानको पुजा गर्नुपर्ने भएकाले महिनावारीको समयमा छुई भएका महिलाले दूध खान हुँदैन भन्ने जवाफ दिएका छन्। त्यसैगरी ५१% उत्तरदाताले महिनावारी भएका महिलाले दूध सेवन गरेमा गाइभैंसी बिरामी हुन्छन् भन्ने विश्वास गर्ने गरेको पाइएको छ ।

अध्ययनअनुसार अधिकाँश महिला र किशोरीलाई महिनावारीको समयमा स्वास्थ्य समस्याहरू देखिने गरेको पाइयो । जसअनुसार असामान्य रक्तचाप (६५%), कम्मरको दुखाई (६३%), पेटको दुखाइ (४८%), टाउको दुख्ने (२२%), रिगंटा लाग्ने (२०%), ज्वरो आउने (१५%) समस्याहरू हुने गरेको भेटियो । ४% उत्तरदाताले उनिहरूको परिवारका सदस्यहरूलाई महिनावारीको समयमा अलग ठाउँमा बस्दा सर्पले डसेको र जंगली जनावरले आक्रमण गरेका घटनाहरू समेत सुनाएका

थिए । त्यस्तै उत्तरदातामध्ये ३% ले छाउगोठमा बसेको समयमा उनीहरूविरुद्ध यौन दुर्व्यवहार भएको बताएका छन् । ४१% महिला र किशोरीले आफ्नो महिनावारीको समयमा कम्तिमा एउटा स्वास्थ्य समस्या हुने गरेको बताएका थिए ।

## छाउपडीले पारेको असर

सामाजिक कु-संस्कारको रूपमा रहेको छाउपडी प्रथालाई न्यूनीकरण गर्न केही गाउँवस्तीमा सकारात्मक प्रयास भएपनि अझै अधिकांश भागमा यस्ता प्रयास हुन सकेको छैन । समाजमा छाउपडी प्रथा यति गहिरो रूपमा जकडिएको छ कि, मानिसहरू यो कुरिती हो भनेर थाहा पाउँदापाउँदै पनि यसको विरुद्धमा बोल्ने गरेका छैनन । छाउपडी प्रथालाई संस्कृतिसँग जोडेर हेर्ने गरिएको छ, जसले गर्दा मानिसहरूले आफ्नो मतिष्कमा परेको गहिरो प्रभावलाई मेट्न सकेका छैनन् । त्यसैले यो प्रथा हटाउनको लागि विभिन्न पक्षहरू मिलेर निरन्तर खबरदारी गर्नुपर्ने देखिन्छ ।

अध्ययनमा सहभागी धेरैको भनाई पनि आफूले अनुशरण गर्दै आएका संस्कृतिका नराम्रा पक्षहरू हटाउनको लागि लाग्नुपर्छ भन्ने थियो । छाउपडी प्रथा उन्मुलन गर्नुपर्छ भन्नेतर्फ विस्तारै ध्यान दिन थालिएको पनि पाइन्छ । परिवार र समुदायका सदस्यलाई स्वस्थ्य र सुरक्षित राख्नको लागि महिलाले महिनावारी भएको समयमा यससँग सम्बन्धित सबै रीतिरिवाज र चालचलन मान्नुपर्ने विश्वास गरिन्छ । तर छाउपडीसँग सम्बन्धित थुप्रै साहित्यले यस सम्बन्धि मूल्यमान्यता अनुशरण गर्दा महिलाको स्वास्थ्य अवस्था बिग्रिने गरेको र उनीहरूको जीवन नै असुरक्षित हुने गरेको प्रस्ट पार्छ ।

## चुनौती

कतिपय जिल्लामा छाउपडी समस्याको वर्तमान स्थिति अझैपनि विकराल देखिन्छ। विगतदेखी नै यसको उन्मुलनका लागि केही प्रयासहरू भएको देखिए पनि तिनिहरूले व्यवहारमा सार्थक परिणाम ल्याउन सकेका छैनन । पछिल्लो समयमा लैंगिक समानता ऐन २०७२ का माध्यामबाट मुलुकी ऐनको अदलको महलमा संशोधन गरी प्रथा परम्पराको आधारमा भेदभाव गर्ने कार्यलाई दण्डनिय अपराध घोषित गरिनु तथा मुलुकी अपराध संहिता, २०७४ मा रजश्वला वा सुत्केरी अबस्थामा छाउपडीमा राखेर वा नराखेर कुनै किसिमको विभेद गर्ने कार्यलाई दण्डनीय अपराधको रूपमा निषेधित गरिनुलाई सकरात्मक पहलको रूपमा लिन सकिन्छ । तथापी सर्वोच्च अदालतको आदेशले मागेको जस्तो एवं समस्याको गाम्भिर्यता अनुरूपको कानूनी प्रबन्ध भने हुन सकेको छैन । छाउपडी प्रथाका विरुद्धमा जे जति सकारात्मक कानुनी तथा नीतिगत व्यवस्थाहरू विद्यमान छन, तिनिहरूको कार्यान्वयन अवस्था पनि दयनीय छ। छाउपडी उन्मुलन सम्बन्धि निर्देशिका अस्तित्वमा रहेपनि यो कामयावी बनेको छैन ।

बदलिँदो परिप्रेक्ष्यमा नयाँ संविधान अनुकुल बन्ने स्वास्थ्य, शिक्षा तथा खाद्य अधिकार लगायतका विषयमा तर्जुमा हुँदै गरेका कानुनहरूलाई छाउपडी उन्मुलनमा बल पुग्नेगरी उपयूक्त व्यवस्था गर्ने सन्दर्भमा अवसरको रूपमा सदुपयोग गर्न सकिन्छ। त्यसैगरी संघीयताको सन्दर्भमा यस समस्याको समाधानका लागि तिनै तहका सरकार को भूमिका महत्वपूर्ण हुने देखिन्छ । त्यसमध्य पनि स्थानीय तहका सरकारले स्थानिय समुदायसँगको सहकार्य तथा परामर्शमा आफ्नो गाउँ ठाँउबाट छाउपडी प्रथा उन्मुलन गर्नका लागि आवश्यक स्थानीय, नीति, कानुन, योजना तथा कार्यक्रम तय गरी अगाडी बढ्न सक्छन्। यस सन्दर्भमा न्यायीक, गैरन्यायीक उपचारका संयन्त्र एवं संसदीय निगरानीको सक्रियता तथा तिनको सकारात्मक उपयोग अपेक्षित छ। प्रवर्द्धनात्मक तथा निरोधात्मक गतिविधिहरू बढाएर एकातर्फ सामाजिक मुल्य मान्यताहरूमा रूपान्तरण ल्याउन आवश्यक छ भने अर्कोतर्फ रजश्वला वा सुत्केरी अवस्थामा छाउपडी प्रथाको नाममा महिला तथा किशोरीलाई स्वतन्त्रताबाट बञ्चित गर्ने तथा अरु नागरिक सरह राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनमा सहभागी हुनबाट बञ्चित गर्ने, बन्देज लगाउने एवं बहिस्कार गर्ने कार्यलाई अपराध हो भन्ने सन्देश फैलाउन एवं त्यस्ता अपराधिक गतिविधिमा संलग्न हुनबाट हतोत्साहित गर्न समाजमा दण्डको भय सृजना गर्न अत्यावश्यक छ।

तसर्थ छाउपडी उन्मुलनका उपायअन्तर्गत फौजदारी जबाफदेहिताको पाटोलाई प्राथमिकतामा राख्ने गरी नीतिगत तथा कानूनी सुधार अगाडी बढाउने तथा विद्यमान कानूनी तथा नीतिगत प्रावधानलाई कार्यान्वयनमा लान जरुरी देखिएको छ।

## छाउपडी उन्मूलनका लागि गरिएका प्रयासहरू

जब छाउपडी प्रथा सामाजिक बहसको विषय बन्यो, धेरै मानवअधिकार रक्षकहरू र सामाजिक अभियन्ताहरूले यसको उन्मूलन गर्नुपर्ने धारणा राख्न थाले। सर्वोच्च अदालतले छाउपडी प्रथालाई गैरकानूनी ठहर गर्दै यसको अन्त्यको लागि नेपाल सरकारलाई निर्देश गऱ्यो । यसैगरी महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले छाउपडी प्रथालाई राष्ट्रिय रूपमै उन्मूलन गर्न "छाउपडी प्रथा उन्मूलन निर्देशिका" जारी गऱ्यो। यस निर्देशिकाले छाउपडीको अन्त्यको लागि विभिन्न क्षेत्रहरूबाट दृढ अठोटको सुनिश्चितता साथै योगदान हुनुपर्ने उल्लेख गरेको छ। नेपालको संविधानले महिला अधिकारको सुनिश्चिता गर्दै महिलाको सुरक्षाको लागि महिलाविरुद्ध हुने शारीरिक, मानसिक, यौनजन्य वा कुनै पनि प्रकारका हिंसालाई बर्जित गर्नुका साथै दोषिलाई कारवाही र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरेको छ।

छाउपडी प्रथालाई लक्षित गरी विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी सामाजिक संघसंस्थाले पनि विभिन्न अनुसन्धानात्मक क्रियाकलापहरूका साथै समुदाय केन्द्रित गतिबिधिहरू

सञ्चालन गरेको पाइन्छ। छाउपडी प्रथालाई उन्मुलन गर्नका लागि सरकारलाई सहयोगीको रूपमा साथ दिएका छन् । सामाजिक संघसंस्थाले प्राथमिकताको साथमा आ-आफ्नो भूमिका यो क्षेत्रमा देखाएको पाइन्छ। कार्यक्रमहरूमा लक्षित समुदायमा महिला समूहहरू गठन गर्ने, ती समूहहरूलाई सहयोग गर्ने गरी पुरुष सहयोगी समूह गठन गरी ती समूहहरूको शसक्त रूपमा भूमिका बनाउनको लागि उनीहरूको क्षमता अभिबृद्धि गर्नेगरी विभिन्न किसिमका तालिम, अभिमुखीकरण कार्यक्रम पनि संचालित छन । साथी शिक्षक परिचालन, सामुदायिक परिचालन, सडक नाटक, विभिन्न सचेतनामुलक क्रियाकलापहरू, दिवसहरू मनाउने, किशोरकिशोरी क्लब मार्फत चेतना फैलाउने कार्यहरू भइरहेका छन् भने स्थानीय धामी झाँक्रीहरू, धार्मिक गुरुहरू, पुजारीहरू, विद्यालयका विद्यार्थी, शिक्षकहरूलाई पनि छाउपडी प्रथा विरुद्ध परिचालन गरेको देखिन्छ। कु-प्रथाको रूपमा रहेको यो प्रथालाई उन्मुलन गर्न विभिन्न किसिमका सचेतनामूलक क्रियाकलाप, समुदाय परिचालन लगायतका कार्यक्रमहरू प्रयाप्त भए पनि परापुर्व कालदेखि नै चलिआएको संस्कृति, रितिरिवाज र धर्मसँग जोडिएकोले उन्मुलन गर्न कठिन रहेको देखिन्छ। छाउपडी प्रथा उन्मुलनका लागि छाउगोठ मुक्त समुदाय बनाउन समुदाय तथा वडास्तर, गाउँपालिका र नगरपालिका स्तर, जिल्ला स्तर मा उन्मुलन समितिहरू पनि गठन भएका छन्। ती उन्मुलन समितिले निश्चित मापदण्ड बनाई कार्यान्वयन भइरहेको पाइन्छ।

## छाउपडी प्रथा उन्मुलनको लागि सुझावहरू

छाउपडी प्रथा अनुसरण नगर्ने र यसबारेमा सचेतना फैलाई सकारात्मक परिवर्तनको लागि कामगर्ने व्यक्तिलाई पुरस्कार दिने परिपाटीको सुरुवात गर्न सकिन्छ। छाउपडीको अन्त्यको लागि समाजका पुजारी र धामीझाँक्रीहरूलाई नै अगुवा बनाएर काम गर्न सकिन्छ । महिनाबारीलाई स्वभाविक र शारिरिक नियमित प्रक्रियाको रूपमा स्वीकार्न सक्ने अवस्थाको श्रृजना गर्न स्थानीय सरकारसहितका सरकारी संरचना, नागरिक समाज तथा संचारकर्मीको ध्यानजानु जरुरी छ। घर परिवार, छरछिमेक, गाउ टोल, विद्यालयमात्र सकारात्मक हुन सक्ने हो भने सदियौं देखि जरा गाडेर रहेको छाउपडी प्रथा सधैका लागि अन्त्य गर्न सकिने छ र सुन्दर, शान्त, न्योचित र सुखी घरपरिवार तथा समाज बनाउन मद्दत पुग्ने छ। छाउपडी प्रथा उन्मुलन गर्नको लागि महिलाको अधिकारको सुनिश्चितता गर्न राष्ट्रिय नीति, प्रावधान र निर्देशिकाका आधारमा "छाउपडी उन्मूलनका लागि राष्ट्रिय कार्ययोजना"को कार्यान्वयन गर्नुपर्दछ। छाउपडी प्रथा अभ्यासमा रहेका जिल्ला, गाउँपालिका र नगरपालिकाबाट छाउपडी प्रथा हटाउनको लागि स्थानीय सरकारले ल्याएका नीति कार्यक्रममा हस्तक्षेपकारी कार्यक्रमको व्यवस्था गर्नुपर्दछ । छाउपडी प्रथा उन्मूलन कार्यक्रममा स्थानीय सरकारले सामाजिक संस्था, राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र अन्य विकासको क्षेत्रमा काम गरिरहेका संस्थाहरूसँग मिलेर काम गर्न सक्दछन्। यसैले, स्थानीय सरकारले यस्तो कार्यको पक्षमा

संयुक्त क्रियाकलाप र हस्तक्षेपको लागि कार्य प्रारम्भ गर्ने सुविधा दिन सक्दछ। छाउपडी प्रथा मुक्त समुदाय" को घोषणाका अभ्यास केही जिल्लाहरूमा गरिएका छन्। यद्यपि, छाउगोठ र गाइगोठमा फेरि फिर्ता नजाने सुनिस्चितता गरिनु पर्दछ यी र यस्ता समुदायमा मानिसहरूले गर्ने गरेको व्यवहारको निगरानी गर्न स्थानीय सरकारको पहलमा औपचारिक र अनौपचारिक संयन्त्र परिचालीत गरिनुपर्दछ साथैसरकारी अधिकारी, स्थानीय जनप्रतिनिधि र संघसंस्थाहरूलाई जवाफदेही बनाउन छाउपडी प्रथा मुक्त समाजको बारेमा पैरवी तथा वकालत गर्नुपर्दछ।

## निष्कर्ष

छाउपडी प्रथाले जकडिएर रहेको जिल्लाका विभिन्न क्षेत्रमा क्रियाशिल छाउपडी प्रथाबाट प्रभावित किशोरी तथा महिलाहरू छाउपडी प्रथा उल्मुलनका बाधकहरू ठानिएका धामीँझाक्री, धर्मगुरुहरू तथा छाउपडी प्रथा उल्मुलनमा क्रियाशिल सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरू एवं नागरिक समाजका अगुवाहरू लगायत सरोकारबाट प्राप्त सुझाबलाई प्रभावकारी कार्यान्वयन गर्न तिब्र दबाव श्रृजना गर्न सकिए छाउपडी प्रथाको अन्त हुन धेरै वर्ष कुर्नुपर्दैन। यो हाम्रै पालामा सम्भव छ। छाउपडी प्रथा उल्मूलनमा पर्याप्त समय सापेक्ष नीति तथा कानूनको निर्माण र कार्यान्वयनका लागि पर्याप्त साधन श्रोतको जोहोमा सरोकारवाालाको प्रतिबद्धता भए छाउपडी प्रथाको अन्त्य भएर महिलाको अधिकार संरक्षण र समतामूलक समाज निर्माणमा उल्लेख्य योगदान पुग्ने विश्वास गर्न सकिन्छ।

छाउपडी प्रथा रहेका वडा, गाउँ वस्ती तहमा छाउपडी प्रथा विरुद्ध आवश्यक दक्ष प्रशिक्षक/सहजकर्ताद्वारा गुणस्तरीय सचेतनाका कार्यक्रम सञ्चालन गर्ने, पर्याप्त प्रचार सामाग्री (पर्चा पम्फलेट, अडियो, भिडियो, एफएम रेडियो, सामाजिक सञ्जालको अधिकतम उपयोग सहित) का माध्यमबाट बृहत् जनचेतनाका कार्यक्रम सञ्चालन आवश्यक छ। उल्लेखित कार्यको लागि संघ, प्रदेश र स्थानीय तहले अनिवार्य रूपमा कार्यक्रम र बजेटको व्यवस्था गर्नुपर्दछ। छाउपडी प्रथा उन्मुलनका लागि कानुनी तथा नीतिगत वातावरणको सिर्जना भएको छ। कानूनले पनि प्रयाप्त रूपमा उन्मुलन गर्न सहयोगी मार्ग प्रशस्त गरेको छ। खासगरी विद्यमान कानूनी प्रावधानहरू, न्यायिक निर्णय, अर्न्तराष्ट्रिय सन्धि सम्झौता अन्तर्गतका व्यवस्थाहरू, मुलुकी देवानी तथा मुलुकी अपराध संहिता अन्तर्गतका डण्डात्मक एवं संरक्षणात्मक व्यवस्थालाई महत्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ।

नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत ७५३ वटा स्थानीय सरकार अन्तर्गत स्थानीय न्यायिक समिति क्रियाशिल छन्। छाउपडी कसुरको न्याय निरूपणको जिम्मेवारी स्थानीय न्यायिक समितिको क्षेत्राधिकार भित्र नपरे पनि कतिपय घरेलु हिंसाजन्य विषयमा

संरक्षणात्मक अन्तरिम आदेशहरू दिने व्यवस्था गरेको देखिन्छ। त्यसलाई उपयोग गरेर छाउपडीजन्य हिंसाबाट किशोरीहरूलाई संरक्षण दिलाउन सकिने देखिन्छ। त्यसका अलावा स्थानीय तहमा अलग्गै कानून बनाएर छाउपडी तथा यसले किशोरीमा पारेको प्रभावको बारेमा अनुगमन गर्ने, स्थानीय तहमा नीति योजना, रणनीति तथा कार्यक्रम बनाएर यस समस्यालाई सम्बोधन गर्न पहल गर्ने एवं छाउपडी प्रथाबाट पीडितलाई न्यायमा पहुँच दिलाउन आवश्यक पहल गर्न तथा सहजिकरण गर्न विशेष जिम्मेवारी दिन सकिन्छ।

(प्रस्तुत सामाग्री लेखकले आफ्नो व्यक्तिगत अनुभव, काम गर्दाको अनुभव एवं प्रकाशित पुस्तक, लेख, रचना, प्रतिवेदन आदिको अध्ययनबाट लिएका हुन्।)

**सन्दर्भ सामग्री :**

- https://www.actionworksnepal.org/wp-content/uploads/2018/09/Chhaupadi-Research-Report-by-AWON-Jumla-Kalikot-2012.pdf

- Gentle, P. (2005) Contribution of popular education in social movement: Some experiences from advocacy literacy approach, Nepal. Society and Education, Occasional issue (1): 81-93.

- https://www.actionworksnepal.org/wp-content/uploads/2018/09/A-Research-Report-on-Social-Norms-and-Values-of-Chhaupadi-Practice.pdf

# Embracing Clean Energy Initiatives for a Sustainable Future

*– By Renewable World, Nepal*

## 1. Introduction

यसैगरी मन्त्री तथा परिषद्का अध्यक्ष सुदीको स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै परिषद्का उपाध्यक्ष नन्दलाल माझीले मन्त्री सुदीको पूर्ण कार्यकाल सफलताको शुभकामना व्यक्त गर्नुभयो । परिषद्मा थुप्रै सम्भावना र चुनौतीहरू रहेको भन्दै उहाँले कार्यदक्षता र अनुभवका आधारमा कार्यसम्पादन गर्न सबै कर्मचारीहरूलाई आग्रह गर्नुभयो । अरू व्यक्तिको कुरामा नलागेर आफ्नो कर्ममा विश्वास गर्न आग्रह गर्दै उपाध्यक्ष माझीले सबैको प्रयत्नले मात्र परिषद्ले सफलता हासिल गर्ने बताउनुभयो ।



यसैगरी त्यस अवसरमा बोल्दै परिषद्का कोषाध्यक्ष विनय लामाले परिषद्लाई राम्रो बनाउनका निम्ति कम्तीमा पनि २ वर्षसम्म मन्त्रालयमा रहेर काम गर्ने वातावरण सिर्जना हुन सकेमा राम्रो हुने बताउनुभयो। परिषद्को आन्तरिक सुशासन कायम गर्न कतिपय काम गर्नुपर्ने बताउनुभयो । परिषद्को भृकुटीमण्डप व्यवस्थित गर्न आवश्यक रहेको भन्दै उहाँले परिषद्लाई सरकारी निकायले हेर्ने दृष्टिकोण परिवर्तन गर्न आवश्यक रहेको बताउनुभयो ।

यसैगरी परिषद्का सदस्य सचिव मनोज भट्टले गैरसरकारी संस्थाहरूले ल्याएको रकम परिषद्ले स्वीकृत गरेपछि राष्ट्र बैंकले उनीहरूको खातामा रकम पठाउने व्यवस्था भएपनि कतिपयले परिषद्ले यी कुरा नबुझेर गलत कुरा फैलाउने अवस्था पनि रहेको बताउनुभयो । परिषद्ले अनुगमन, मूल्याङ्कन गर्ने बताउँदै उहाँले यी कुरा सबैलाई बुझाउन आवश्यक रहेको बताउनुभयो ।




परिषद्सँग स्रोत, जग्गा सबै भएपनि आफ्नै भवन नहुँदा दैनिक कामकाज सञ्चालन गर्न कठिनाइ भएको उहाँले बताउनुभयो ।

राज्यका कार्यक्रमहरू नपुगेका ठाउँहरूमा गैरसरकारी संस्थाहरूमार्फत कार्यक्रम पुऱ्याउन

निम्ति कतिपय ऐन, कानूनहरू समयानुकूल बनाउन आवश्यक रहेको सदस्य सचिव भट्टको भनाई थियो ।

यसैगरी परिषद्का आर्थिक प्रशासन विभागीय प्रमुख सञ्जय मल्लिकले सामाजिक कल्याण राष्ट्रिय परिषद्को नाममा स्थापना भएको परिषद् २०४९ सालमा समाज कल्याण ऐन आएपछि समाज कल्याण परिषद् नामांकरण भएको थियो । तर परिषद्को ऐन आएको लामो समय भइसक्दा पनि ऐनका कतिपय बुँदाहरू अहिलेसम्म पनि कार्यान्वयन गर्न नसकिएको बताउनुभयो । कार्यालय व्यवस्थापन हुन नसक्दा कतिपय फाइलहरू व्यवस्थित गर्न नसकिएको भन्दै उहाँले ओ एण्ड एम सर्भे गरेर कर्मचारीको वृत्ति विकास गर्न आवश्यक रहेको बताउनुभयो ।

यस्तै परिषद् कर्मचारी संघका अध्यक्ष प्रकाशचन्द्र भट्ट र परिषद् कर्मचारी संगठनका अध्यक्ष बिकुल कुमार आचार्यले मन्त्री तथा परिषद्का अध्यक्ष सुडीको कार्यकाल सफलताको कामना गर्दै परिषद्मा लामो समयदेखि कर्मचारीहरूको वृत्ति विकास रोकिएकोले ती कुरामा पनि ध्यान दिन आवश्यक रहेको बताउनुभएको थियो ।

कर्मचारीका थुप्रै समस्याहरू रहेको भन्दै उहाँहरूले कर्मचारीको वृत्ति विकास रोकिएकोले काम गर्ने उत्साह अलि कम भएको बताउनुभयो । संस्थालाई अगाडि बढाउनका निम्ति कर्मचारीबिच एकता हुनुपर्ने उहाँहरूको भनाई थियो । परिषद्का उपाध्यक्ष नन्दलाल माझीको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण परिषद्का योजना तथा कार्यक्रम विभागीय प्रमुख रामराज भट्टराईले गर्नुभएको थियो ।

## परिषद्का उपाध्यक्ष माझीको पदभार ग्रहण

**ललितपुर** । समाज कल्याण परिषद्का नवनियुक्त उपाध्यक्ष नन्दलाल माझीको पदभार ग्रहण कार्यक्रम सम्पन्न भएको छ । मन्त्रिपरिषद्बाट नवनियुक्त उपाध्यक्ष माझीको गत १ जेठमा पदभार कार्यक्रम सम्पन्न भएको हो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै तत्कालीन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री तथा समाज कल्याण परिषद्का अध्यक्ष भगबती चौधरीले समाज कल्याण परिषद्लाई डिजिटाइजेशनको प्रक्रियामा अगाडि बढाउन कर्मचारीलाई निर्देशन दिनुभएको थियो ।

लामो समय ग्रासरूटका काम गरेर आएको व्यक्तिको सिफारिस अनुसार मन्त्रिपरिषद्ले उपाध्यक्ष नियुक्त गरेको बताउँदै मन्त्री चौधरीले आफ्नो कार्यकालमा केही नयाँ काम गरेर देखाउन परिषद्का पदाधिकारी तथा कर्मचारीलाई आग्रह गर्नुभएको थियो ।

परिषद्लाई डिजिटाइजेशन गर्नका निम्ति परिषद्को बोर्ड र कासले निर्णय गरेको भन्दै त्यसलाई अगाडि बढाउन समेत निर्देशन दिँदै मन्त्री चौधरीले आफूले गर्न खोजेको कार्यमा साथ दिन निर्देशन दिनुभयो । 'परिषद्लाई अझ राम्रो बनाउनका निम्ति मैले केही काम गर्न खोजेको छु, यहाँहरूले त्यसमा साथ दिनुपर्छ', मन्त्री चौधरीले भन्नुभयो, 'हामीले परिषद्लाई डिजिटाइजेशनमा लैजाने भनेका छौं । त्यसमा जानका निम्ति निर्णय भएका छन् । भेण्डर आह्वान गर्ने निर्णय गरेका छौं । त्यसलाई अगाडि बढाउन लाग्नुस् ।'

त्यस अवसरमा समाज कल्याण परिषद्लाई नयाँ ढङ्गले सञ्चालन गर्न आवश्यक रहेको भन्दै उहाँले मुलुक संघीय संरचनामा गइसकेपछि प्रादेशिक संरचनामा पनि जान जरुरी रहेको बताउनुभएको थियो ।



जति सक्दो सहज र छिटो छरितो तवरले सेवाग्राहीलाई सेवा प्रवाह गर्नुपर्ने अपरिहार्यता रहेको भन्दै मन्त्री चौधरीले परिषद्को संरचनागत सुधारका निम्ति अगाडि बढ्न निर्देशन दिनुभयो । 'अहिलेको आवश्यकता अनुसार प्रादेशिक संरचनामा जान जरुरी छ । त्यसरी जाँदा परिषद्को सेवा ग्रासरुटसम्म पुग्छ, मन्त्री चौधरीले भन्नुभयो, 'परिषद्को संरचनागत सुधारका लागि अगाडी बढ्नुस्, त्यसका लागि यहाँहरूलाई म सहयोग गर्न तयार छु ।'

कर्मचारीको वृत्ति विकास तथा कार्य सम्पादन मूल्याङ्कनमा ध्यान दिन जरुरी रहेको भन्दै उहाँले कर्मचारीबिच विभेदजन्य व्यवहार हुन नहुने बताउनुभयो मन्त्री चौधरीले कर्मचारीको वृत्ति विकास, कार्य सम्पादन मूल्याङ्कन गरी बढुवाका लागि प्रक्रिया अगाडि बढाउन समेत निर्देशन दिनुभयो । 'कर्मचारीको वृत्ति विकास, कार्य सम्पादन मुल्याङ्कन गरी बढुवाका लागि तत्काल प्रक्रिया अगाडी बढाउनुस्', उहाँले भन्नुभयो, 'कर्मचारीबिच विभेद नगर्नुस् । नयाँले पनि पुरानाहरूलाई कामहरू सिकाउनुपर्छ । उनीहरूलाई तालिमको व्यवस्थापन, वृत्ति विकास, कार्य सम्पादन मूल्याङ्कन गर्नुपर्छ ।'

सबैले साथ दिएमा त्यो सफल हुने भन्दै उहाँले छुट्टै कर्मचारी नियमावली ल्याएर पनि कर्मचारीहरूको व्यवस्थापन गर्न सकिने बताउनुभयो । मानव स्रोत व्यवस्थापन तोकेर कर्मचारी व्यवस्थापन गर्न आग्रह गर्दै मन्त्री चौधरीले आवश्यक तालिम, सेमिनार, गोष्ठीको व्यवस्थापन गर्न

निर्देशन दिनुभयो ।

परिषद्का पदाधिकारी तथा कर्मचारीहरू मिलेर काम गर्न निर्देशन दिँदै उहाँले एकले अर्काको सम्मान गर्दै अगाडि बढेमा संस्थालाई मर्यादित बनाउन सकिने बताउनुभयो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका कार्यहरू विधिसंम्मत् सहज रूपमा अगाडी बढाउन पदाधिकारी, कर्मचारीहरू एकजुट भएर अगाडी बढ्न समेत उहाँले निर्देशन दिनुभयो ।



पदीय जिम्मेवारी निर्वाह गर्न कर्मचारीलाई निर्देशन दिँदै उहाँले अरूले के गरे भनेर खोतल्दा आफ्नो काम, कर्तव्य र दायित्व नबिर्सन समेत ध्यानाकर्षण गराउनुभयो ।

परिषद् भित्र देखिने विवाद तथा समस्याको समाधान परिषद् भित्रै समाधान गर्न समेत उहाँले निर्देशन दिनुभयो । 'विवाद र समस्या आएमा सबैभन्दा पहिले परिषद् भित्रै समाधान खोज्नुस् । अनावश्यक रूपमा बाहिर उजुरी गर्ने, प्रमाण बिना बोल्ने कार्य नगर्नुस्, एकले अर्कालाई प्रतिघात गरी अस्वस्थ प्रतिस्पर्धा रोक्नुस् केही समस्या छ भने, यहीँभित्रै समाधान गर्नुपऱ्यो', मन्त्री चौधरीले भन्नुभयो, 'विवाद पहिले आफैंले समाधान गर्ने हो । यहाँभित्रको कुरा बाहिर ल्याउने होइन । घटनाको तथ्य पत्ता लगाएर समस्याको समाधान गर्नुपर्छ ।'

आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट समयमै बनाउन परिषद्का कोषाध्यक्षलाई निर्देशन दिँदै उहाँले बजेट, नीति तथा कार्यक्रम बनाउँदा परिषद्का अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवसँग परामर्श, सल्लाह, समन्वय गरेर अगाडि बढ्न कोषाध्यक्षलाई निर्देशन दिनुभएको थियो ।

संस्थाको सुधारका निम्ति सबैको सामूहिक प्रयास रहनुपर्ने भन्दै मन्त्री चौधरीले काममा तदारुकता साथ लाग्न समेत निर्देशन दिनुभयो । 'हामी एउटा टिम हौं । परिषद्को कास, बोर्ड, विभागीय प्रमुख, महाशाखा, विभिन्न कोषहरू छन् । ती सबै कुरालाई मिलाएर एकजुट भएर संस्थालाई बलियो बनाउन लाग्नुस्', उहाँले निर्देशन दिँदै भन्नुभयो, 'एनजिओ आइ एनजिओलाई कसरी के भनेर के काम गरिरहेका छन् त्यो कुरालाई ध्यान दिनुपर्छ । सरकारले लिएको लक्ष्य विकास साझेदारहरूले मिट गरेका छन् कि छैनन् भन्ने कुरा ध्यान दिनुपर्छ ।'

पदभार ग्रहण गर्दै नवनियुक्त उपाध्यक्ष नन्दलाल माझीले कर्मचारी भनेको संस्थाको हातखुट्टा भएको भन्दै कर्मचारी र पदाधिकारीबिच एक आपसमा समन्वय भएर अगाडि बढ्न आवश्यक रहेको

बताउनुभयो । 'हामीले काम गरिरहेको प्रक्रियाबाट सेवाग्राही सन्तुष्ट छैनन् । यसलाई अलिकति परिमार्जन गरेर जान आवश्यक छ', उपाध्यक्ष माझीले भन्नुभयो । परिषद्का विषयमा अझै बुझ्न बाँकी रहेको भन्दै उपाध्यक्ष माझीले एकआपसमा खुसी भएर समन्वयात्मक भूमिका निर्वाह गर्न कर्मचारीलाई निर्देशन दिनुभयो । यहाँका कुराहरू बाहिर लैजाने प्रवृत्तिले संस्थाको छबीमा दाग लाग्ने बताउँदै उपाध्यक्ष माझीले त्यसखाले प्रवृत्तिको अन्त्य गर्नुपर्ने बताउनुभयो । सबैको राम्रो कुराहरू लिनुपर्ने भन्दै गलत प्रवृत्तिको अन्त्य हुँनैपर्ने उहाँको भनाई थियो ।

यसैगरी समाज कल्याण परिषद्का कोषाध्यक्ष विनय लामाले सँस्थाप्रति विश्वासको वातावरण तयार गर्नुपर्ने भन्दै संस्थाप्रति बाहिर बढेको गलत कुराहरूलाई निमिट्यान्न पार्नका निम्ति सबै लाग्न आग्रह गर्नुभयो ।

परिषद्का सदस्य सचिव मनोज भट्टले परिषद्ले गर्ने कामहरू निकै संवेदनशील भएकाले हाम्रो देशका निम्ति कुन उद्देश्यले कसरी पैसा आइरहेको छ भन्ने कुरालाई ध्यान दिनुपर्ने बताउनुभएको थियो ।

# परिषद्का कर्मचारीहरूलाई यौनजन्य दुर्व्यवहार विरुद्धको आचारसंहिताबारे प्रशिक्षण

**ललितपुर** । समाज कल्याण परिषद्का कर्मचारीहरूलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार विरुद्धको आचारसंहिताबारे सचेतना दिइएको छ । परिषद्मा आउने सेवाग्राही, सहकर्मी कर्मचारी तथा अनुगमन मूल्यांनमा जाँदा हुने यौनजन्य दुर्व्यवहार विरुद्ध एक दिने सचेतना कक्षा सञ्चालन गरिएको हो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका तत्कालीन मन्त्री भगबती चौधरीले





परिषद्का कर्मचारी, मूल्यांनमा जाने टिम लिडर लगायतले सेवाग्राहीसँग आचारसंहिता विपरीत व्यवहार गर्ने गरेको उजुरी तथा गुनासो आएपछि परिषद्का पदाधिकारी, विभागीय प्रमुख तथा कर्मचारीहरूलाई विषयगत विज्ञबाट सचेतना दिन निर्देशन दिनुभएको थियो। सोही अनुरूप परिषद्ले सबै विभागका कर्मचारीहरूलाई व्यवहारिक, नैतिक र कानुनी ज्ञानसहित आचारसंहिताबारे सचेतना दिएको हो ।



परिषद्कै इतिहासमा पहिलो पटक आफ्ना कर्मचारीहरूलाई यस्तो सचेतना कार्यक्रम आयोजना गरिएको हो । उक्त सचेतनाले कार्यस्थलमा महिला, पुरुषले एक अर्कालाई कसरी सम्मानपूर्वक व्यवहार गर्ने ? यौनजन्य दुर्व्यवहार भनेको के हो ? कसरी हुन्छ ? त्यस्ता दुर्व्यवहारबाट कसरी बच्ने, कानुनी प्रावधान के छ ? लगायत कानुनी र व्यवहारिक प्रशिक्षण दिइएको थियो।

उक्त प्रशिक्षण कार्यक्रममा वरिष्ठ अधिवक्ता सविन श्रेष्ठ लगायतले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार विरुद्धको कानून, आचारसंहिता लगायतका विषयमा प्रशिक्षण दिनुभएको थियो ।

## परिषद्लाई 'डिजिटाइज' गर्ने सम्बन्धमा एआईएनसँग छलफल

**ललितपुर** । समाज कल्याण परिषद्लाई डिजिटाइट गर्ने सम्बन्धमा अन्तराष्ट्रिय गैरसरकारी संस्था महासंघ -एआईएन) सँग छलफल गरेको छ ।

परिषद्ले गत जेठ ८ गते ललितपुरमा एक कार्यक्रमको आयोजना गरी त्यस विषयमा छलफल गरेको छ। एआईएनका तत्कालीन अध्यक्ष भगवान श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा परिषद्का सदस्य सचिव मनोज भट्टले स्वागत गर्नुभएको थियो । त्यस अवसरमा बोल्दै सचिव भट्टले डिजिटाइजेशनलाई साँच्चिकै कार्यान्वयन कसरी गर्न सकिन्छ भनेर अगाडि बढ्ने तयारीमा परिषद् रहेको बताउनुभयो । लामो समयदेखि समाज कल्याण परिषद्को ओएनएम नभएको अवस्थामा छौं । हामीले दुई वर्ष पहिलेदेखि नै डिजिटाइजेशन गर्ने भन्ने कुरा गर्दै आएका छौं, उहाँले भन्नुभयो, आन्तरिक ओएनएम सर्भे गर्ने हो । अर्को अबको समाज कल्याण परिषद् कस्तो बन्ने भन्ने कुरा हो ।

समाज कल्याण ऐन २०४९ को अधिनमा रहेर परिषद्को नीति, नियम, ऐन, कार्यविधि बन्ने स्मरण गराउँदै उहाँले देशको विकासको खाकामा कसरी सहयोग पु¥याउन सकिन्छ भन्ने हिसाबले

परिषद्लाई डिजिटलाइजेशन गर्ने चाहना रहेको बताउनुभयो ।

त्यस अवसरमा उहाँले डिजिटाइज गर्ने सन्दर्भमा कम्पनीलाई सिधै नदिएर इ-बिडिङ'को माध्यमबाट जाने स्पष्ट पार्नुभएको थियो । कार्यक्रममा समाज कल्याण परिषद्को संगठनात्मक पुनर्संरचनामा डिजिटल शासनको एकीकरण'बारे प्रस्तुती गर्दै ओएनएम विज्ञ प्रतापकुमार पाठकले नागरिकको सूचनाप्रतिको एक्सेस, प्रयोग र फाइदा लिन इ-गभर्नेन्सलाई युएनको सर्भेले पनि समेटेको बताउनुभयो । E–Government भ्रष्टाचारविरुद्धको अभियान पनि भएको भन्दै उहाँले डिजिटाइजेशन र डिजिटलाइजेशन भएमा भ्रष्टाचारको मात्रा निकै न्यून हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

कम्प्युटर र डिजिटाइजेशनका कारणले ज्ञान र सीप मात्रै भएर हुँदैन त्यसलाई कसरी परिचालन गर्ने भन्ने पनि जान्नुपर्ने भन्दै उहाँले अहिले सरकारी कामकाजमा कम्प्युटर, ल्यापटप पनि भएको र सँगै कागजमा टिप्पणी पनि उठाउने गरेको अवस्था रहेको बताउनुभयो । यसले सर कारी क्षेत्रमा प्रशासनिक खर्च झन् बढेको बताउनुभयो ।

डिजिटाइजेशन भनेको Platform भएको र डिजिटलाइजेशन भनेको नागरिक र संस्थाबिचको डाइनामिक अन्तरक्रिया भएको भन्दै यसमा मुख्यतः ८ वटा कामहरू गर्नुपर्ने बताउनुभयो ।

यसैगरी कार्यक्रममा आइटी विज्ञ प्रविन सिलवालले दैनिक कार्यसञ्चालनमा सहजताका लागि IT को प्रयोग गर्ने बताउँदै सफ्टवेयर बनाउने मात्रै नभएर त्यसको सहि सदुपयोग पनि हुनुपर्ने बताउनुभयो ।

SWC मा आर्थिक तथ्यांक व्यवस्थित रहेको र सफ्टवयर प्रयोग भइरहेको बताउँदै उहाँले वेब बेसमा आधारित हुनुपर्ने तर मोबाइलमा पनि चलाउन मिल्नेखाले हुनुपर्ने बताउनुभयो ।

त्यस अवसरमा कार्यक्रमको सहजिकरण गर्दै समाज कल्याण परिषद्का प्रशासन प्रमुख का.मु. निर्देशक दुर्गा भट्टराईले डिजिटाइज गर्ने सम्बन्धनमा छलफलको आयोजना गरिएको बताउनुभएको थियो । उहाँले डिजिटाइजेशन र ओएनएम एकअर्काका परिपुरक रहेको कुरा समेत स्पष्ट पार्नुभएको थियो ।

# अनुसूचीहरु

## अनुसूची - १

### समाज कल्याण परिषद्का पदाधिकारी एवं सदस्यहरूको नामावली

| क्र.सं. | पद | नामावली |
|---|---|---|
| १ | अध्यक्ष | माननीय श्री नवल किशोर शाह सुडी<br>मन्त्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| २ | उपाध्यक्ष | श्री नन्दलाल माझी |
| ३ | कोषाध्यक्ष | श्री विनय लामा |
| ४ | सदस्य | श्री माननीय सदस्य (सामाजिक सेवा हेर्ने)<br>राष्ट्रिय योजना आयोग |
| ५ | सदस्य | डा. जितेन्द्र डंगोल |
| ६ | सदस्य | श्री गोमा भुसाल |
| ७ | सदस्य | श्री सुशिला शर्मा (केसी) |
| ८ | सदस्य | श्री शम्भुजंग राणा |
| ९ | सदस्य | श्री नारायण गिरी |
| १० | सदस्य | श्री संजय कुमार शाह |
| ११ | सदस्य | श्री प्रदिप पौडेल |
| १२ | सदस्य | श्री प्रतिनिधि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| १३ | सदस्य | श्री प्रतिनिधि, गृह मन्त्रालय |
| १४ | सदस्य | श्री प्रतिनिधि, संघीय मामिला तथा जेष्ठ नागरिक मन्त्रालय |
| १५ | सदस्य | श्री प्रतिनिधि, अर्थ मन्त्रालय |
| १६ | सदस्य | श्री प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| १७ | सदस्य | श्री प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| १८ | सदस्य सचिव | श्री मनोज भट्ट |

# अनुसूची - २

## समाज कल्याण परिषद्मा कार्यरत स्थायी कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम | पद | नियुक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | श्रीमती भगवती संग्रौला | का.मु.निर्देशक | स्थायी | |
| २ | श्री संजय कुमार मल्लिक | का.मु.निर्देशक | ,, | |
| ३ | श्री दुर्गा प्रसाद भट्टराई | का.मु.निर्देशक | ,, | |
| ४ | श्री रामराज भट्टराई | का.मु.निर्देशक | ,, | |
| ५ | श्री दीपेन्द्र पन्त | का.मु.निर्देशक | ,, | |
| ६ | श्री रमेश राज अर्याल | सहायक -निर्देशक (लेखा) | ,, | |
| ७ | श्रीमती दुर्गा कुमारी गौतम | सहायक-निर्देशक (लेखा) | ,, | |
| ८ | श्रीमती शुष्मा खड्का | सहायक-निर्देशक | ,, | |
| ९ | श्री प्रतिक्षा मिश्र | सहायक-निर्देशक | ,, | |
| १० | श्री प्रकाश पंज्ञानी | सहायक-निर्देशक | ,, | |
| ११ | श्री खगनाथ रेग्मी | सहायक-निर्देशक | ,, | |
| १२ | श्री चित्र कुमार थापा | सहायक-निर्देशक | ,, | |
| १३ | श्री इन्दु शर्मा | सहायक-निर्देशक | ,, | |
| १४ | श्री मिना तामाङ्ग | कानून अधिकृत | ,, | |
| १५ | श्रीमती बिरमानी चौधरी | सहायक-प्रथम | ,, | |
| १६ | श्री निर कुमार खड्का | ,, | ,, | |
| १७ | श्री प्रकाश चन्द्र भट्ट | ,, | ,, | |
| १८ | श्री प्रकाश बिक्रम चौधरी | ,, | ,, | |
| १९ | श्री सुदर्शन बन्जारा | ,, | ,, | |
| २० | श्री दिलीप कु.यादव | ,, | ,, | |
| २१ | श्री राम प्र.ढकाल | ,, | ,, | |
| २२ | श्री शरदराज बास्कोटा | लेखापाल | ,, | |
| २३ | श्री सुन्दर श्याम श्रेष्ठ | सहायक-प्रथम (टा.) | ,, | |
| २४ | श्री कृष्ण राम श्रेष्ठ | सहायक-प्रथम (इलेक्ट्रीसियन) | ,, | |
| २५ | श्री बिमला देवी लुइटेल | सहायक-प्रथम | ,, | |

| क्र.सं. | नाम | पद | नियुक्ति | कैफियत |
|---|---|---|---|---|
| २६ | श्री मीना न्यौपाने | " | ,, | |
| २७ | श्री यमुना वाग्ले | लेखापाल | ,, | |
| २८ | श्री रूपक सञ्जेल | प्रा.सहायक प्रथम | ,, | |
| २९ | श्री राधा पोखरेल | प्रा.सहायक द्वितीय | ,, | |
| ३० | श्री लाल बहादुर वि.क. | सहायक द्धितिय (खरिदार) | ,, | |
| ३१ | श्री केशवराज चालिसे | " | ,, | |
| ३२ | श्री योगेन्द्र लम्साल | " | ,, | |
| ३३ | श्री विकुल कुमार आचार्य | " | ,, | |
| ३४ | श्री प्रदिप कुमार यादव | " | ,, | |
| ३५ | श्री दिपा कुमारी शर्मा | " | ,, | |
| ३६ | श्री सत्यनारायण महतो | " | ,, | |
| ३७ | श्री ऋषिराम चौधरी | " | ,, | |
| ३८ | श्री शेर बहादुर वि.क. | " | ,, | |
| ३९ | श्री गायत्री पौडेल | प्रा. सहायक द्धितीय | ,, | |
| ४० | श्री रामपुकार साह | सहायक द्धितिय (खरिदार) | ,, | |
| ४१ | श्री अर्जुन थापा | कार्यालय सहयोगी | ,, | |
| ४२ | श्री हरि बहादुर कार्की | ,, | ,, | |
| ४३ | श्रीमती नौमाया गुरुङ्ग | ,, | ,, | |
| ४४ | श्री पशुपति सिंह दनुवार | ,, | ,, | |
| ४५ | श्री राज कुमार लामा | " | ,, | |
| ४६ | श्री बलराम थापा | सवारी चालक | ,, | |
| ४७ | श्रीमती जानुका देवी पाण्डे | माली | ,, | |
| ४८ | श्री गोकुल खनाल | माली | ,, | |
| ४९ | श्रीमती सुमित्रा पोखरेल | माली | | |
| ५० | श्री कुमार चर्माकार | ,, | ,, | |
| ५१ | श्री बाल कुमार राई | माली | ,, | |

# अनुसूची - ३

## समाज कल्याण परिषद्मा अस्थायी, करार र मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूको विवरण

| क.सं | कर्मचारीको नाम | पद | नियुक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | श्री आनन्द थापा | सहायक निर्देशक | करार | |
| २ | श्री लेखराज शाह | सहायक निर्देशक | करार | |
| ३ | श्री उर्मिला ठगुन्ना | सहायक-प्रथम | करार | |
| ४ | श्री सुनिल चन्द | सहायक-प्रथम | अस्थायी | |
| ५ | श्री चन्द्रकला न्यौपाने | कम्प्यूटर सहायक (ना.सु) | अस्थायी | |
| ६ | श्री दान बहादुर बुढा | सहायक-प्रथम | अस्थायी | स्वास्थ्य कोषमा |
| ७ | श्री बालिका थापा (खड्का) | सहायक द्वितिय (खरिदार) | करार | |
| ८ | श्री राधिका थापा ऐर | कार्यालय सहयोगी | अस्थायी | |
| ९ | श्री सन्दीप गिरी | कार्यालय सहयोगी | करार | |
| १० | श्री अप्सरा शाही | कार्यालय सहयोगी | करार | |
| ११ | श्री सनत कुमार कार्की | सवारी चालक | करार | |
| १२ | श्री चेत बहादुर योगी | सवारी चालक | करार | |
| १३ | श्री सन्तोष पाण्डे | सवारी चालक | करार | |
| १४ | श्री मोहनमाया पोडे | कुचिकार | अस्थायी | |
| १५ | श्री अनिता नगरकोटी | माली | अस्थायी | |
| १६ | श्री लक्ष्मी तिमल्सिना | माली | करार | |
| १७ | श्री सावित्रा कोइराला | कार्यालय सहयोगी | करार | |
| १८ | श्री तुल प्रसाद कोइराला | माली | करार | |
| १९ | श्री सरोज भट्टराई | प्लम्बर सहयोगी | करार | |
| २० | श्री कुल बहादुर चिदिमगर | सुरक्षा गार्ड | दैनिक ज्यालादारी | |
| २१ | श्री प्रकाश कार्की | सवारी चालक | करार | |

| क.सं | कर्मचारीको नाम | पद | नियुक्ति | कैफियत |
|---|---|---|---|---|
| २२ | श्री साङमाया तामाङ् | कार्यालय सहयोगी | करार | |
| २३ | श्री संजय कुमार महतो | कार्यालय सहयोगी | करार | |
| २४ | श्री अनिता सुवेदी | कार्यालय सहयोगी | करार | |
| २५ | श्री विद्या पौडेल | सहायक द्वितीय | करार | |
| २६ | श्री अनिल माली | सवारी चालक | करार | |
| २७ | श्री दुर्गा भट्टराई | कार्यालय सहयोगी | करार | |
| २८ | श्री एलिशा भट्ट | कार्यालय सहयोगी | करार | |
| २९ | श्री नारायण माली | सवारी चालक | करार | |
| ३० | श्री प्रकाश थापा | सवारी चालक | करार | |
| ३१ | श्री स्मृति बराल | इन्जिनियर | करार | |
| ३२ | श्री विक्रम बहादुर देउवा | सहायक प्रथम | करार | |
| ३३ | श्री पेम्वा तामाङ् | सहायक निर्देशक | करार | |
| ३४ | श्री संगिता पौडेल | सहायक द्वितीय | करार | |
| ३५ | श्री दीपक आचार्य | सहायक निर्देशक (लेखा) | करार | |
| ३६ | श्री पूजा सिंह | सहायक निर्देशक (लेखा) | करार | |
| ३७ | श्री शम्भू कुमार यादव | सहायक प्रथम | करार | |
| ३८ | श्री परमविर पासवान | सहायक प्रथम | करार | |
| ३९ | श्री हेमन्त कुमार यादव | सहायक द्वितीय | करार | |
| ४० | श्री जोगिन्द्र वैठा | कार्यालय सहयोगी | करार | |
| ४१ | श्री शिव बहादुर सुवेदी | सवारी चालक | करार | |
| ४२ | श्री मिना श्रेष्ठ | कार्यालय सहयोगी | करार | |
| ४३ | श्री दीक्षा आचार्य | सहायक निर्देशक | करार | |
| ४४ | श्री सरला पोखरेल | सहायक द्वितीय(बे.फ.) | करार | |
| ४५ | श्री ईन्द्र कुमारी पाण्डे | कार्यालय सहयोगी | करार | |
| ४६ | श्री रन्जना पजियार | सहायक निर्देशक | करार | |
| ४७ | श्री अम्रेश बिराजी यादव | कम्प्यूटर अधिकृत | करार | |
| ४८ | श्री श्रेया बन्ठा | सहायक प्रथम | करार | |

| क.सं | कर्मचारीको नाम | पद | नियुक्ति | कैफियत |
|---|---|---|---|---|
| ४९ | श्री जोसेफ गच्छदार | सहायक द्वितीय | करार | |
| ५० | श्री देविका घर्ती मगर | सहायक निर्देशक | करार | |
| ५१ | श्री राजेन्द्र उप्रेती | सहायक निर्देशक | करार | |
| ५२ | श्री लोकेश पाल | सहायक निर्देशक | करार | |
| ५३ | श्री विवेक अधिकारी | प्लम्वर (सहायक द्वितीय) | करार | |
| ५४ | श्री सुरज कुमार कटवाल | सहायक प्रथम | करार | |
| ५५ | श्री निशान्त कुमार चौधरी | कार्यालय सहयोगी | करार | |
| ५६ | श्री निर्मा कुमारी चौधरी | कार्यालय सहयोगी | करार | |
| ५७ | श्री अबध नारायण चौधरी | सहायक निर्देशक | करार | |
| ५८ | श्री सुमेश चौधरी | सहायक प्रथम | करार | |
| ५९ | श्री सफलता चौधरी | सहायक प्रथम | करार | |

## कानूनी सल्लाहकारको करार नियुक्ति विवरण

| क्र.स. | नाम | पद | नियुक्ति | कैफियत |
|---|---|---|---|---|
| १. | श्री ध्रुव भण्डारी | कानूनी सल्लाहकार | करार | |
| २. | श्री सुरेन्द्र बहादुर थापा | अधिवक्ता | करार | |

# अनुसूची - ४

## सूचनाहरू

**सूचना !**

यस समाज कल्याण परिषद्, भृकुटीमण्डप सञ्चालन कार्यालय मातहतको भृकुटीमण्डप क्षेत्रभित्र मादक पदार्थ बिक्री वितरण तथा सेवन गर्न पूर्ण रूपमा निषेध गरिएको ब्यहोरा सबैलाई अवगत नै छ । यदि कुनै व्यवसायीले मादक पदार्थको बिक्री वितरण गरेको पाइएमा कानून बमोजिम कारबाहीको प्रक्रिया बढाइने र स्टल, बुथ खारेज गरिने ब्यहोरा समेत सूचित गरिन्छ ।

समाज कल्याण परिषद्
भृकुटीमण्डप व्यवस्थापन विभाग
भृकुटीमण्डप, काठमाडौं ।

**सूचना !**

माज कल्याण परिषद्, भृकुटीमण्डप सञ्चालन कार्यालय मातहत रहेको ईच्छुमती तरकारी बजार, खुल्ला बजार, खसी बजार, पक्की स्टल, बुथ, नाङ्ले पसल, भवन तथा मेला क्षेत्र लगायत भाडामा लिनुहुने व्यवसायीहरूले मिति २०७८।०४।०१ गतेदेखि लागु हुने गरी सम्बन्धित व्यक्ति तथा कार्यालयहरूले मासिक रूपमा बुझाउनुपर्ने भाडा रकम Online System (Mobile Banking) बाट अथवा **समाज कल्याण परिषद्**को नाममा रहेको NMB Bank को **खाता नं.००४०१४२ ९८३७०००१७** मा भुक्तानी गर्ने व्यवस्था मिलाइएको हुँदा नियमित रूपमा भाडा रकम दाखिला गरी बैंक भौचर भृकुटीमण्डप सञ्चालन कार्यालयमा बुझाउनुहुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना टाँस गरिएको छ ।

**सूचना !**

समाज कल्याण परिषद् भृकुटीमण्डप सञ्चालन कार्यालय मातहत रहेका पक्की स्टल, बुथ र खुल्ला बजार क्षेत्रमा रहेका स्टलमा व्यवसाय सञ्चालन गरी बसेका सम्पूर्ण व्यक्तिहरूले आफूले भाडामा लिएको क्षेत्रफल मात्रै प्रयोग गर्नहुन अनुरोध गरिन्छ । कार्यालयबाट नापजाँच गर्दा बढी ओगटेर क्षेत्रफल प्रयोग गरेको पाइएमा बढी क्षेत्रफलको भाडा समेत हिसाब गरी स्टल प्रयोग गरेको मितिबाट हुने रकम असूल उपर गरिने छ । साथै परिषद्ले जुनसुकै बेला पनि स्टल/बुथ खारेज गर्ने ब्यहोरा समेत जानकारी गराइन्छ ।

## सामाजिक संस्थाले परियोजना सम्झौताको लागि प्रस्ताव पेश गर्दा सुनिश्चित गर्नुपर्ने विषय :

- नेपालको संविधान ऐन, नियम कानूनको अधिनमा रही परियोजना तर्जुमा गर्नुपर्ने ।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि आवश्यक कार्य तथा विधीको अभ्यास गर्ने ।
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति २०७६ को बुँदा नं ३.१०.८ मा भएको व्यवस्था बमोजिम संस्थाले परियोजना सञ्चालन गर्दा जवाफदेहिता र पार दर्शिता अभिवृद्धिको लागि आयव्यय तथा क्रियाकलापहरूको विवरण वार्षिक रूपमा सार्वजनिकरण गर्ने, कार्यक्रम सञ्चालन गरेको स्थानीय तहमा वर्षको एक पटक तेस्रो पक्षद्धारा सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई एवं सामाजिक लेखा परिक्षण गर्ने व्यवस्था परियोजनामा उल्लेख गर्ने ।
- परियोजना सम्झौता प्रस्तावमा Policy Linkage खण्डमा राष्ट्रिय योजना, दीगो विकास लक्ष्यका सूचकहरू तथा सम्बन्धित ऐन, कानूनका विषयहरूलाई परियोजनाका क्रियाकलापले के कसरी सम्बोधन गर्छ उल्लेख गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २५ मा भएको व्यवस्था बमोजिम परि योजना सम्बन्धी काम गर्दा स्थानीय तहको समन्वयमा गर्ने र सो का लागि नेपाल सर कारको पूर्व स्वीकृति तथा स्थानीय तहको पूर्व स्वीकृति लिएको हुनुपर्ने ।
- परियोजनाका कार्यक्रमको प्रभावकारिता सम्बन्धमा सम्बन्धित स्थानीय तहको परि योजना सल्लाहकार समितिमा प्रगति प्रतिवेदन पेश गर्ने र छलफल गरी प्राप्त राय सुझाव कार्यान्वयन साथै स्थानीय तहबाट नै अनुगमन गर्ने व्यवस्था परियोजनामा उल्लेख गर्ने ।
- परियोजना प्रस्तावमा उल्लेख भएका क्रियाकलापहरूलाई संघीय सरकार तथा स्थानीय तहका कार्यक्रमहरूसँग Tie up गरी सञ्चालन गर्ने ।
- साझेदार संस्थाको विस्तृत विवरण देहायको ढाँचामा तयार गरी अनुसूचीमा राख्ने ।

| क. सं | गैससको नाम | संस्था दर्ता भएको जिल्ला, दर्ता मिति र नवीकरण मिति | समाज कल्याण परिषद्को आवद्धता नं, मिति र नवीकरण | संस्थाले परि योजनाको क्रियाकलप सञ्चालन गर्ने स्थान | संस्थाले काम गर्ने Thematic Area | विगतको अनुभव र कार्य गरेको क्षेत्र |
|---|---|---|---|---|---|---|

# अनुसूची - ५

## परिषद्को संगठनात्मक संरचना



# अनुसूची - ६

## समाज कल्याण परिषद्‌को विभिन्न क्रियाकलापहरूको एक झलक




तत्कालीन माननीय मन्त्री तथा परिषद्‌का अध्यक्ष श्री सुरेन्द्रराज आचार्यज्यूबाट ४४ औं सामाजिक सेवा दिवसको आवसरमा वार्षिक प्रतिवेदन विमोचन गर्दै ।



परिषद्‌ले आयोजना गरेको यौनजन्य दुर्व्यवहार विरुद्धको आचारसंहिताबारे सञ्चालित एक दिने अनुशिक्षणमा सहभागी पदाधिकारी तथा कर्मचारीहरू ।



समाज कल्याण परिषद्को ४४ औँ स्थापना दिवस तथा सामाजिक सेवा दिवस समारोहपछि लिइएको सामुहिक तस्विर




मानननीय मन्त्री तथा परिषद्का अध्यक्ष श्री नवल किशोर साह सुडीज्यूले परिषद्मा पदबहाली गर्नुहुँदै ।



माननीय मन्त्री तथा परिषद्का अध्यक्ष श्री नवल किशोर साह सुडीज्यूको पद बहाली पछिको सामुहिक तस्बिर ।



परिषद्को बोर्ड बैठकमा तत्कालीन मन्त्री भगबती चौधरी, उपाध्यक्ष नन्दलाल माझी, कोषाध्यक्ष विनय लामा, सदस्य–सचिव मनोज भट्ट लगायत बोर्ड सदस्यज्यूहरु ।



परिषद्का उपाध्यक्ष नन्दलाल माझीज्यूको पदभार ग्रहण कार्यक्रममा तत्कालीन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगबती चौधरीज्यू, सदस्य सचिव मनोज भट्टज्यूसमेत

समाज कल्याण परिषद्
Social Welfare Council
हरिहर भवन, पुल्चोक, ललितपुर, नेपाल
www.swc.org.np